# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मोहन्याल गाउँपालिका

### कैलाली





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मोहन्याल गाउँपालिका
## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मोहन्याल गाउँपालिका

## कैलाली


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७९।८०
च.नं. ५१८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मोहन्याल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ७५ लाख १ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३९ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५९ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ७३ लाख ८५ हजार र पेश्की रू. २ करोड २ लाख २९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १२ करोड २२ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड ९७ लाख ६२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

मोहन्याल गाउँपालिका, कैलाली

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७६ | १६२ | ४७५०१ | ० | ० | ० | ७६ | १६२ | ४७५०१ | ३९२१ | ७३८५ | १५९६६ | ० | ० | २३३५१ | २०२२९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोहन्याल गाउँपालिका, कैलाली | १२२२६१ | ० | ० | १२२२६१ | ० | ४७५०१ | १६९७६२ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मोहन्याल गाउँपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रुपेशकुमार शर्मा बराल | २०७७-१२-३० | २०७८-७-१४ |
| कार्यालय प्रमुख | Jayananda Jaishi | २०७८-७-१५ | २०७८-१२-१४ |
| कार्यालय प्रमुख | Raj Bahadur Sarki | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भरत बहादुर सापकोटा | २०७७-८-२४ | २०७८-११-११ |
| लेखा प्रमुख | Dhurba Bahadur Khatri | २०७८-११-१२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,५००,७९७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,१२,७८,०६२.५४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,५९,६५,६८९.३३ | **चालु खर्च** | २८,५६,१९,०८५.१३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८७,११,८०० | **पूँजीगत खर्च** | १५,६७,८७,४४३.६४ |
| **राजश्व बाँडफाँट** | ९,५८,०६,२९४.६ | **वित्तीय/अन्य व्यवस्था** | ९,३०,५६,३८२ |
| **आन्तरिक आय** | १३,३८,०३५ | | |
| **अन्य आय** | ९,९४,२८,४११ | | |
| **कुल आय** | ५५,१२,५०,२२९.९३ | **कुल खर्च** | ५३,५४,६२,९१०.७७ |
| **बाँकी मौज्दात** | | ४,७०,६५,३८१.७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा ६२६.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा २२०५३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।९।२५ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **प्रकोप व्यवस्थापनतर्फ** | |
| ३.१ | | | **प्रकोप व्यवस्थापन खर्च:** सार्वजनिक खर्चलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी तथा मितव्ययी बनाउनको लागि सम्बन्धित निकायले कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउनु पर्दछ । यसरी पालिकाबाट बिभिन्न वडाका लागि राहत तथा उद्दारमा रु. ४३,९२,८२७ कार्यविधि बेगर खर्च गरेको पाइयो । यस्तो खर्च कार्यविधि बनाई खर्च गर्नु पर्दछ । | |
| ३.२ | | | **समिति गठनः-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको भएतापनि कार्य योजना बनाई सो बमोजिम काम गरेको पाइएन । पालिकाले विपद् व्यवस्थापन सम्बन्धिको कार्य योजना बनाई कार्यान्वयन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली,२०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्य योजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| ३.४ | | | **प्रकोप व्यवस्थापन कोषः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. २८,६८,६११ मौज्दात रहेकोमा यो वर्ष रु. २४,१९,७१७ थप भई रु. ४३,९२,८२७ खर्च गरी रु. ८,९५,५०१ रकम बाँकी रहेको देखिन्छ। | |
| ३.५ | | | **वार्षिक प्रतिवेदनः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम** | |
| ४.१ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th>मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३८१५९०००</td><td>३३२२८९४९</td><td>७।५०</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>११८८९०५०५</td><td>९०६८४७३२।६४</td><td>२०.६९</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२६१८८६४९५</td><td>२३७८९२५४०।११</td><td>५४.२९</td></tr>
<tr><td>संस्थागत बिकास सेवा प्रवाह र सुशासन</td><td>३२१६२६०</td><td>३२१६२६०</td><td>०.७३</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९५६३८१३१।७४</td><td>७५७२४८४०।५९</td><td>१७.२८</td></tr>
<tr><td>जम्मा</td><td>५१७७९०३९१।७४</td><td>४३८१२४६७५।७४</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ५४.२९ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०।७३ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १३,३८,०३५।०० राजस्व बाँडफाँड र अनुदानबाट रू ४५,०४,८३,२७८।५०समेत रु आम्दानी भएकोमा चालु तर्फ रु २८,१३,३६,८३१।७० र पूँजिगत तर्फ रु १५,६७,८७,४४३।६४ समेत रु ४३,८१,२४,६७५।३४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३० प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु २४,७२,०००।०० खर्च भएको छ जुन आन्तरिक आय १८४ प्रतिशत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.२१प्रतिशत चालु र ३५.७८ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |
| ४.३ | | | **रकमान्तरः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाकाको बिनियोजन ऐन २०७८ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू २ करोड ९१ लाख २५ हजार अर्थात कुल बजेट रू ४३ करोड.८१ लाख २४ हजारको. ६।६ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ। अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ४.४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ४.५ | | | **चौमासिक पूँजीगत खर्च**-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | अषाढको खर्च |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>पूँजीगत खर्च शीर्षक</td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेसोचौमासिक</td><td></td></tr>
<tr><td>१</td><td>पूँजीगत खर्च</td><td>१५६७८७</td><td>०</td><td>३८२९३</td><td>११८४९४</td><td>७००९६</td></tr>
<tr><td></td><td>कूल खर्चः</td><td>१५६७८७</td><td>०</td><td>३८२९३</td><td>११८४९४</td><td>७००९६</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>०</td><td>२४.४२</td><td>७५.५७</td><td>४४.७०</td></tr>
</table>
वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ७५।५७ प्रतिशत र अषाढ महिनामा ४४.७० प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।
</td><td></td></tr>
<tr><td>४.६</td><td></td><td></td><td>
योजनाको प्राथमिकीकरण-स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा पालिकास्तरका कुल ११५ योजनामा वजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु.२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु.५ लाखदेखि २०</th><th>रु.५ लाखभन्दा कमका</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td></td><td></td><td>लाख सम्मका योजना सङ्ख्या</td><td>योजना सङ्ख्या</td></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१७८</td><td>१६</td><td>१२</td><td>१५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.७</td><td></td><td></td><td>योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्ः<br><table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>योजना संख्या</td></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>७०</td></tr>
<tr><td>२</td><td>रु १ लाखएक देखि २ सम्मका योजना</td><td>३५</td></tr>
<tr><td>३</td><td>रु २लाखएक देखि ५ लाख सम्मका योजना</td><td>४५</td></tr>
<tr><td>४</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>१२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५</td><td>दश लाख एकदेखि माथिका पोजना</td><td>१६</td></tr><tr><td></td><td>जम्मा</td><td>१७८</td></tr></table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>कानुन निर्माणको अवस्थाः<br><br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था अनुसार स्थानीय तहले आँफुलाई आवश्यक पर्ने कानुन निर्माण गरी प्रयोगमा ल्याउन सक्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा यस पालिकाले कानुन निर्माणको अवस्थाको बारेमा विवरण पेश नगरेकोले कानुन निर्माणको अवस्थाको बारेमा पुर्ण जानकारी हुन सकेन ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>खरिद व्यवस्थापनः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद गर्दा सार्वजनिक खरिद ऐनको व्यवस्था पालना गर्नुपर्ने छ। सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागु गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गरेको देखिएन । यस पालिकाको खरिद व्यवस्थापन सम्बन्धी देखिएको मुख्य व्यहोराहरु निम्न छन्।<br>- खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना बनाएको छैन,<br>-खरिद एकाइको गठन गरेको छ तर खरिद एकाइको प्रयोग गरी खरिद व्यवस्थापन गरेको देखिएन,<br>- एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ,<br>- कर्मचारीको नाममा पेश्की दीई खरिद कार्य गरेको पाइयो ।<br>यस्तो प्रकारको प्रवृत्तीले सार्वनजिनक खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुन जाने तथा गुणस्तरीय वस्तु तथा सेवाको आपुर्तिको सुनिश्चितिता हुन सक्दैन।<br>यसर्थ, सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई अर्धबार्षिक रुपमा मात्र कर दाखिला गर्ने गरेको पाइयो,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा सो गरेको पाइएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• वेरुजुको लगत अद्यावधिक गर्ने र वार्षिक कार्ययोजना बनाई फछ्यौंट गर्ने गरेको पाइएन,<br>• स्थानीय सार्वजनिक लेखा समितिको गठन गरी वेरुजुको बारेमा छलफल तथा फछ्यौंट गर्ने गरेको पाइएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि यस पालिकाले सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाइ लागु गरेको देखिएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समितिहरु दर्ता गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो गरेको पाइएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• अपाङ्गमैत्री र समावेशी चरित्रको पालिका कार्यालयको भौतिक संरचना बनेको पाइएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को व्यवस्थाअनुसार नागरिक वडापत्रको व्यवस्था गरेको पाइएन,<br>• उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **निदृष्ट फारामहरुको प्रयोगः**<br><br>पालिकाले विभिन्न योजनाहरुको निर्माण कार्यको खर्च सार्वजनिक सुचना फाराम तथा योजना सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई, योजना सम्झौता फाराम लगायतका फारामहरुको विकास गरी प्रयोग गरेको छ । तर प्रयोग गरीएका फाराहरुमा भर्नु पर्ने पुर्ण विवरण भरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कन्टेन्जेन्सी रकम व्यवस्थापनः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समितिबाट काम गराउँदा योजनाको लागत रकमको ४ प्रतिशत रकम कन्टेन्जेनसी रकम कट्टी गरेको छ । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन । यसलाइ व्यवस्थित गर्नु पर्दछ । | |
| १० | | | **लागत प्रभावी योजना तर्जुमाः**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता र कार्यदेश पश्चात लागत अनुमान तयार हुने गरेको छ । योजनाको कार्यान्वयमा प्रभावकारीता ल्याउन तथा बस्तुनिष्ठ योजना बनाउनको लागि जुनसुकै सार्वजनिक निर्माण कार्यको लागि लागत अनुमान तयार गरी सो बमोजिमको बजेट विनियोजन गरी खरिद व्यवस्थापन गर्नु पर्दछ । | |
| ११ | | | **न्यायिक समितिको कार्यसम्पादनको अवस्थाः**<br><br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था बमोजिम स्थानीय तहमा न्यायिक अभ्यास गराउनको लागि न्यायिक समितिको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा न्यायिक समितिले गरेको कार्यको प्रगति विवरण प्राप्त हुन सकेन । पालिकामा स्थानीय न्यायिक इजलासको निर्माण गरेको पाइएन । नागरीकलाई उनीहरुको नजिकबाट न्यायिक अभ्यास गराउने तथा मेलमिलापको माध्यमबाट छिटो छरितो स्वच्छ समावेशी र समतामुलक सेवा प्रवाह गर्नको लागि पालिकाले ध्यान दिनु पर्दछ । | |
| १२ | | | **सम्पत्ति व्यवस्थापनतर्फ** | |
| १२.१ | | | **जिन्सी निरीक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४, ५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका १४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | किसिमका ९५ वटा सामाग्रीहरुमध्ये १३ किसिमका ७३ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, १ किसिमका १ सामाग्री ल्यापटप मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत तथा लिलाम गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारी साधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेशस उल्लेख गरी अद्यावधिक गरेको पाइएन । | |
| १२.२ | | | **सार्वजनिक सम्पत्तिको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| १२.३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्दै अभिलेख व्यवस्थित बनाउनु पर्दछ । | |
| १२.४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.५</td><td></td><td></td><td>वडा कार्यालयबाट सामाग्री खरिदः पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । पालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अद्यावधिक हुन सक्दैन् । अतः पालिका मार्फत् हुने खरिदलाई पनि पाम्समा आवद्ध गर्नेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.६</td><td></td><td></td><td>जिन्सी लगत खाताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१२.७</td><td></td><td></td><td>कोषहरुः आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका प्रकोप व्यवस्थापन कोष, विविध कोष, संचित कोष र कर्मचारी कल्याण कोष गरी ४ वटा कोषहरुको विवरण अद्यावधिक छ । विविध कोषतर्फ आय प्राप्तिको उपयोग सन्तोषजनक छैन् ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ३ वटा ऐन, २ वटा नियमावली, २ वटा कार्यविधि, २ वटा मापदण्ड र १ वटा निर्देशिका गरी जम्मा १० वटा कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१०९३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मृत्युदर्ता</td><td>१०२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१८९</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१८५</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसरी पालिकामा अपाङ्गमेत्री सेवा, हेल्पडेस्क सुविधा, महिलामैत्री सुविधा तथा अनलाईन सुविधा लगायतको सुविधा प्रदान गरेको छैन्।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>बित्तिय बिवरण परीक्षण</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **वित्तीय विवरणको यथार्थता**- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७९४७६३८२।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| १४.३ | | | **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु २,८८,९०,१५८।००मौज्दात रहेकोमा यो वर्ष रु ३,१२,७८,०६२।७४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २३८७९०४।७४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ | |
| १४.४ | | | **बैङ्क हिसाब विवरण**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः | |

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४६,३८,९४४।२५ | ३,३६,८२,७७१।९ | |
| चालु खर्च खाता | ००।०० | ४०,५३,६६२।९६ | |
| पुँजीगत खर्च खाता | ००।०० | ३३,४६,१८२।०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बिभाज्य कोष खाता</td><td>४२,२५,०००</td><td>४२,२४,९००।००</td><td></td></tr>
<tr><td>विविध खर्च खाता</td><td>९०,३१२।१८</td><td>९०,३१२।१८</td><td></td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>८,९५,५०१।००</td><td>८,९५,५०१।००</td><td></td></tr>
<tr><td>धरौटी</td><td>६१,१५,०७९।८०</td><td>८२,६२,१०८।८०</td><td></td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>००।००</td><td>००।००</td><td></td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>००।००</td><td>००।००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१,५९,६४,८३७।२३</td><td>५,५६,२४,५४८।८०</td><td>३,९६,५९,७११।५७</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>फरक हिसाब–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ३१२७८०६२।७४ यस वर्षको प्राप्ति रु ५८२५२८२९२।४७ यस वर्षको भुक्तानी रु ५२१८८२९१०।००र बैङ्क मौज्दात रु ४७०६५३८१।७०</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>३,१२,७८,०६२।७४</td><td>४,५८१,९३,८४७।९३</td><td>४४,२४,०६,५२८।७७</td><td>४,७०,६५,३८१।७०</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>३,१२,७८,०६२।७४</td><td>५३७६७०२२९।९३</td><td>५२,१८,८२,९१०.00</td><td>४,७०,६५,३८१।७०</td></tr>
<tr><td>फरक</td><td></td><td>७.९४.७६.३८१।२३</td><td>७.९४.७६.३८१।२३</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सशर्त पुजिगत</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु ८४,००,०००।००निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>८,४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि. न | बिधालयको नाम | कामको व्यहोरा | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | महेन्द्र मा.बि. कोल्टी | भवन निर्माण | ४,००,००० | पेश्की |
| २ | त्रिबेणी मा. बि. | | ३६,००,००० | |
| ३ | राष्ट्रिय मा.बि मोहन्याल | प्राबिधिक धार | १०,००,००० | स्पेसिफिकेशन सहित दाखिला बिद्यालयमा नभएको |
| ४ | कालिका आधारभुत बिद्यालय | भवन निर्माण | १८,००,००० | पेश्की |
| ५ | नवदुर्गा रा. आ. बि. | भवन निर्माण | ५,००,००० | |
| ६ | राष्ट्रिय आ.बि. १ | भवन निर्माण | ५,००,००० | |
| ७ | मोहन्याल आ.बि | भवन निर्माण | ६,००,००० | |
| | जम्मा | | ८४,००,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **अनुदान ब्यवस्थापनः** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ। | |

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | अरनिको रा.मा.बिद्यालय ७ | ICT lab स्थापना | ६५००००।०० |
| २ | कालिका मा. बि. ६ | ICT lab स्थापना | ६५००००।०० |
| ३ | जनता आ.बि. ६ | ICT lab स्थापना | ६५००००।०० |
| ४ | त्रिबेणी मा. बि.बढीगाउ | ICT lab स्थापना | ६५००००।०० |
| ५ | राष्ट्रिय मा.बि. | ICT lab स्थापना | ६५००००।०० |
| ६ | भृकुटी मा.बि.खमडी | ICT lab स्थापना | ६५००००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **खर्चका बिल भर्पाई नभएको:** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न भौचरबाट भुक्तानी भएको रकमको बिल भरपाई पेश गरेको छैन । अत बिल भर्पाई भए प्रमाण पेश गर्ने अन्था असुल गर्नु पर्ने देखिएको रू | २,६०१,५९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर न.</td><td>योजनाको रकम</td><td>भुक्तानी रकम</td><td>कैफिएत</td><td></td></tr>
<tr><td>१९।२०७८।१०।२३</td><td>लालीगुरास कृषक समुह</td><td>६,००,०००</td><td>बितरण भर्पाई नभएको।</td><td></td></tr>
<tr><td>२२।२०७८।१०।२७</td><td>रोजगार केन्द्र सुदृढीकरण</td><td>२६,०३४</td><td>मोवाईल कँहा को संग रेहेको छ देखिएन । मोवाईल एकिन गरी अभिलेख राखु पर्ने</td><td></td></tr>
<tr><td>८०।२।७९।३।२५</td><td>संस्थागत शौचालय निर्माण</td><td>२,५०,९००</td><td>सुनसाईन ईनर्जीप्रा.लि.को सक्कल बिल नभएको ।</td><td></td></tr>
<tr><td>२५२।२०७९।३।२५</td><td>होम पाइप खरिद</td><td>३,७२,२२२</td><td>जडान र नापी किताव नभएको</td><td>गा पा</td></tr>
<tr><td>२५०।२०७९।३।२५</td><td>अति बिपन्न परिवार जस्ता पाता खरिद</td><td>४,७७,३८८</td><td>बितरण भरपाई नभएको ।</td><td></td></tr>
<tr><td>२३३।२०७९।३।२५</td><td>सुगरखाल सामुदायिक मिल खरिद</td><td>१,९८,१००</td><td>जडान र अवस्था नखुलेको।</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३०।२०७९ ।३।२५</td><td>नदीको लागी जाली खरिद</td><td>१,९६,९४७</td><td>प्रयोग रनापी किताव नभएको</td><td></td></tr>
<tr><td>२३०।२०७९ ।३।२५</td><td>कुईने खानेपानी तथा सरसफाई उ.स</td><td>४,८०,०००</td><td>१२०३७मिटर पाइप खरिलद भएकोमा २००मि मात्र प्रयोग भएकोले पाइप जडान प्रमाण पेश गर्ने</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६,०१,५९१</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>
दर बिश्लेषण भन्दा बढी भुक्तानीः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यलयले निम्न कार्यको भुक्तानी दिदा गाउपालिकाले दर बिश्लेषण गरेको भन्दा बढी भुक्तानी गरेको देखिएकोले यकिन गरीअसुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>भोचर न</th><th>योजना वा उपभोक्ता समितिको नाम</th><th>समानको नाम</th><th>दरबिश्लेषण रकम</th><th>भुक्तानी रकम</th><th>फरक रकम</th><th>असुल रकम</th><th>शिर्षक</th></tr>
<tr><td>७४।२०७९ ३।२४</td><td>बोटाखोला देखि</td><td>जाली २.१.१</td><td>६६१३</td><td>७०६३</td><td>५५०</td><td>८९१००</td><td>सघिय</td></tr>
</table>
</td><td>८१३,६३६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कर्णाली छाल हुदै तटबन्ध नि उ स | को १६२वटा | | | | | |
| ७४।२०७९।३।२४ | बोटाखोला देखि कर्णाली छाल हुदै तटबन्ध नि उ स | जाली ३.१.१ को १६९वटा | ९६९५ | १०६६० | ९६५ | १६३०८५ | |
| ८।२०७९।३।१० | चिसापानी धलिकोट पदमार्ग नि.उ.स | ढुगा सोलिङ्ग ७१५घ.मी | २२२८ | २६५३ | ४२५ | ३०३८७५ | प्रदेश |
| १७।२०७९।३।२५ | सामुदायिक स्वास्थ्य ईकाइको भवन नि.उ.स | १.४ इटा काम | ६८१९ | ७८३७ | १०१६ | ५१८७६ | |
| १४।२०७९।३।२५ | लम्की राजकाडा जाने सडक नि.उ.स | ढुगा सोलिङ्ग ४८४घ.मी | २२२८ | २६५३ | ४२५ | २०५७०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८,१३,६३६</td><td></td></tr></table> | |
| १६ | | | **सशर्त अनुदान (स्वास्थ चालु)**<br><br>आधारभुत स्वास्थ सेवा निशुल्क तथा स्वास्थ्य सेवामा समान पहुँच पाउनु प्रत्येक नेपाली नागरिकको मौलिक हक हो। जनताको सबैभन्दा नजिक रहेको स्थानीय तहलाई संविधानले आधारभुत स्वास्थ र सरसफाई, विपद व्यवस्थापन लगायतका स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जिम्मेवारी दिएको छ। स्थानीय तहहरुको स्वस्थ्य सेवाको जिम्मेवारी पुरा गर्न उनिहरुको क्षमतामा अभिवृद्धी गरी नागरिकले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त होस् भन्ने उद्देश्यले नेपाल सरकारले सशर्त अनुदान दिँदै आएको छ । यस आर्थिक वर्षमा सशर्त अनुदानमा स्वास्थ्यतर्फ गरेका खर्चहरुका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| १६.१ | | | **न्यानो झोला खरिदः** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सार्वजनिक नियकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा तीन वटा आपुर्तिकर्ताबाट लिखित दरभाउपत्र माग गरि न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राहि दरभाउ पत्र छनौट गर्नु पर्ने हुन्छ। पालिकाले न्यानो झोला खरिद गर्न भिमदेवी मेडिसिन सप्लायर्स, क्यान्डेला मेडि कन्सर्न र तारागंगा मडिसिन सप्लायर्सबाट देहायबमोजिमको दरभाउपत्र प्राप्त गरेको देखिन्छ।<br><table><tr><td>दरभाउ पत्र पेश गर्ने</td><td>एकाई</td><td>दर</td></tr><tr><td>तारागंगा मेडिसिन सप्लायर्स</td><td>१</td><td>७९७</td></tr><tr><td>क्यान्डेला मेडि कन्सर्न</td><td>१</td><td>७९६.८०</td></tr></table> | ४९९,४९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>भिमदेवि मेडिसिन सप्लायर्स</td><td>१</td><td>७९६.४०</td></tr></table> पालिकाले दरभाउपत्र पेश गर्ने आपुर्तिकर्ताहरु दर्ता गरेको देखिएन। साथै सारभुत रुपमा प्रभावग्राही दरभाउपत्र पेश गर्ने आपुर्तिकर्ताबाट खरिद नगरि दरभाउपत्र पेश नै नगरेको विपिशा मेडिसिल्सबाट रु. ७९६.४६ का दरले ५५५ वटा न्यानोझोला खरिद गरेको छ। यसरी दरभाउपत्र पेश नै नगरेको आपुर्तिकर्ताबाट खरिद गरिएको नियमसम्मत नदेखिएको रकम रु. | |
| १६.२ | | | **बहिरंग उपचार केन्द्र (ओटीसी) कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनमा प्रत्येक महिला स्वास्थ स्वयं सेविकाहरु तथा स्वास्थ्यकर्मिहरुबाट ५ बर्षमुनिका शिघ्र कुपोषित बालबालिकाहरु समयमा नै पत्ता लगाई उपचारमा ल्याई पूर्ण उपचार गराउन स्थानीय तहमा रहेका ओटीसीहरु सञ्चालनको लागि स्वास्थ्यकर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाका लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च सम्बन्धी व्यवस्था रहेको छ। यो कृयाकलाप अन्तरगत प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई एकजना कडा शिघ्र कुपोषित बालबालिकालाई लेखाजोखाबाट पत्ता लगाई आइमाम कार्यक्रममा भर्ना गराई निको गराए बापत रु. ५००, सोहि बच्चालाई उपचार गरेबापत सम्बन्धित स्वास्थ संस्थालाई रु. २०० र अभिलेख तथा प्रतिवेदन, आवश्यक आपूर्ति व्यवस्थापन साथै समन्वय र सहजिकरणको लागि स्थानीय तहको स्वास्थ्य शाखालाई रु. ५० उपलब्ध गराउन सकिने व्यवस्था छ। यसरी एउटा SAM बच्चा समयमानै पहिचान गरी पूर्ण निको गरे बापत रु. ७५० सम्म खर्च गर्न सकिने छ। पालिकाले मार्गदर्शन भन्दा विपरित देहायबमोजिम स्वास्थकर्मिलाई समेत भुक्तानी गरेको देखिन्छः<br><table><tr><td>क्रम</td><td>स्वास्थ्यकर्मीको नाम</td><td>स्वास्थ संस्था</td><td>रकम</td></tr><tr><td>१</td><td>दिल कुमारी धामी</td><td>सुगारखाल</td><td>७१,२५०</td></tr><tr><td>२</td><td>हिरा सिंह कथायत</td><td>सुगारखाल</td><td>७,५००</td></tr><tr><td>३</td><td>देवकी शाही</td><td>सुगारखाल</td><td>१,०००</td></tr><tr><td>४</td><td>डिल्लि प्रसाद देवकोटा</td><td>सुगारखाल</td><td>१२,०००</td></tr></table> | १६०,९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>अम्विका रावल</td><td>सुगारखाल</td><td>३,०००</td></tr>
<tr><td>६</td><td>धना बडुवाल</td><td>सुगारखाल</td><td>१,५००</td></tr>
<tr><td>७</td><td>आरती दिपाली</td><td>सुगारखाल</td><td>५००</td></tr>
<tr><td>८</td><td>मिन बहादुर साउद</td><td>सुगारखाल</td><td>३,०००</td></tr>
<tr><td>९</td><td>दुर्गा रानामगर</td><td>सुगारखाल</td><td>५००</td></tr>
<tr><td>१०</td><td>सोनिया रावल</td><td>कुईने</td><td>१३,५००</td></tr>
<tr><td>११</td><td>अनिल बहादुर सिंह</td><td>कुईने</td><td>११,०००</td></tr>
<tr><td>१२</td><td>गोकर्ण न्यौपाने</td><td>कुईने</td><td>७,५००</td></tr>
<tr><td>१३</td><td>नयाँराम बोहरा</td><td>कुईने</td><td>८,०००</td></tr>
<tr><td>१४</td><td>रुपा साउद</td><td>फलेविसौना</td><td>१२,९००</td></tr>
<tr><td>१५</td><td>नवराज रेग्मी</td><td>फलेविसौना</td><td>३,७५०</td></tr>
<tr><td>१६</td><td>धना बढुवाल</td><td>पण्डौन</td><td>२५००</td></tr>
<tr><td>१७</td><td>पुनम बुढामगर</td><td>पण्डौन</td><td>५००</td></tr>
<tr><td>१८</td><td>तिलक कठायत</td><td>पण्डौन</td><td>५००</td></tr>
<tr><td>१९</td><td>भरत आचार्य</td><td>पण्डौन</td><td>५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,६०,९००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | व्यक्तिको खातामा भुक्तानी गरेको रकम असुलउपर गरी उपचार प्राप्त कडा शिघ्र कुपोषित बच्चाहरुको संख्या यकिन गरी प्रति बच्चा २०० का दरले सम्बन्धित स्वास्थ संस्थाको खातामा भुक्तानी गरि बाँकी रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु. | |
| १६.३ | ९७ | २०७८-१०-२४ | **विल भरपाई नपुगेको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। विभिन्न स्वास्थ्य सम्बन्धी दिवसहरु सञ्चालन गर्दा खर्च रकम रु. १,३६,८०० भुक्तानी भएकोमा विल भरपाई जोडजम्मा गर्दा रु. ३३,५७५ मात्र पुग्न गएकाले विल भरपाई पेश हुन नसकेको प्रमाण पेश गर्नु पर्ने रकम रु. | १०३,२२५ |
| १६.४ | ३३१ | | **हात्तिपाईले रोग निवारण कार्यक्रम:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। हात्तिपाईले रोग निवारण कार्यक्रम सञ्चालन गर्दा दिपेन्द्र बुढालाई दिईएको पेश्किको फय्छ्यौंट र शोधभर्ना गरि जम्मा रु. ७,९६,६१० भुक्तानी भएको छ। श्रेस्तामा भएको विल भरपाई जोडजम्मा गर्दा कुल रु. ४,८८,१३७ मात्र पुग्न गएकाले विलभरपाई नभेटिएको प्रमाण पेश गर्नु पर्ने रकम रु. | ३०८,४३७ |
| १६.५ | | | **कोभिड-१९ बाट प्रभावित परिवारलाई नगद हस्तान्तरण:**<br>• कोभिड-१९ को प्रभावबाट रोजगार र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न परिवारको तत्कालको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहात उपलब्ध गराउने उद्देश्यले कार्यक्रम कार्यान्वयन ल्याईएको हो। कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तण कार्यविधि, २०७८ ले मन्त्रालय तथा स्थानीय तहले यसरी नगद हस्तान्तरण गर्दा पूरा गर्नु पर्ने कार्यविधिहरु तय गरेको छ।<br>• कार्यविधिले नगद हस्तान्तरणका लागि वडा कार्यालयमा निवेदन पेश गर्न १५ दिनको समय दिई मन्त्रालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने, पेश भएका निवेदन उपर ७ दिन भित्र परीक्षण गरी वडा अध्यक्षले योग्य लाभग्राहीलाई नगद हस्तान्तरणको लागि सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्ने, स्थानीय तहले सिफारिस भई आएको सूचीमा दावि विरोधका लागि ३ दिनको अवधी दिएर सार्वजिन गर्नु पर्ने हुन्छ। दावि विरोधको अवधि समाप्त भएपछी योग्य लाभग्राही परिवारको सूची स्वीकृत गरी ३ दिन भित्र नगद हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको छ।<br>• मन्त्रालयले लाभग्राहिका लागि योग्य र अयोग्य परिवारको प्रावधान राखि मिति २०७८/७/२५ मा १५ दिनको समयवाधि दिएर कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना प्रकाशन गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिन्छ। पालिकाले कार्यविधिले गरेको व्यवस्था बमोजिम १५ दिन भित्र निवेदन दिने, दावि विरोधका लागि सूचना प्रकाशन गर्ने, योग्य लाभग्राहीलाई ३ दिन भित्र नगद हस्तान्तरण गर्ने लगायतका माथि उल्लेखित कुनै प्रकृया पुरा नगरि आर्थिक वर्षको अन्त्यतिर मिति २०७९/३/१६ र २४ मा २९१ जना लाभग्राहिलाई प्रति लाभग्राही १० हजारको दरले जम्मा रु. २९,१०,००० खर्च गरेको देखिन्छ।<br>• कोभिड-१९ बाट प्रभावित वास्तविक पिडितहरुलाई यथास्भव शिघ्र हारात वितरण गर्ने उद्देश्य यस कार्यविधिले राखेको भएपनि सो अनुरुप तय गरेको समयभित्र कार्यसम्पन्न भएको देखिन्दैन्। दावि विरोध लगायतका कार्य सम्पन्न नभई भुक्तानी भएकाले वास्तविक र योग्य परिवार मात्र लाभान्वित भए भनेर यनिक गर्न सकिएन। अतः यस कार्यक्रम अन्तर्गत खर्च भएको रु. २९,१०,००० योग्य लाभग्राहिले पाए नपाएको पालिकाले यकिन गर्नु पर्दछ। | |
| १६.६ | | | **पालिकास्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालनः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा खर्च गर्ने, क्रियाकलापहरुको महत्वको आधारमा कार्यक्रम सम्पन्न नगर्ने अभ्यास देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकेडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सवै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ। | |
| १७ | | | **सशर्त अनुदान (शिक्षा चालु)** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिक समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राखेका छन्। संविधानले माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, दिवा खाजा, परीक्षा सञ्चालन लगाएतका तोकिएका क्षेत्रमा शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा शिक्षा तर्फ खर्च लेखेको सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| १७.१ | | | **एकमुष्ठ अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई बार्षिक रुपमा एकमुष्ठ रु. १० लाख दिने व्यवस्था छ। साथै, बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ बमोजिम त्यस्तो अनुदान सम्बन्धित विद्यालयले शिक्षक, बालविकास सहजकर्ता र कार्यालय सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन, शैक्षिक सामाग्रि लगायतका विषयमा खर्च गर्नु पर्ने हुन्छ र विद्यालयले पालिकाबाट यस शिर्षकमा थप अन्य कुनै अनुदानहरु प्राप्त गर्न सक्दैन्। पालिकाले देहायका विद्यालयहरुलाई एकमुष्ठ अनुदान पछिपनि कार्यालय सहयोगिको तथा बालविकास सहजकर्ताको पारिश्रमिक रकम भुक्तानी गरेको देखिन्छः<br><table><tr><td>क्रम</td><td>विद्यालयको नाम</td><td>कार्यालय सहयोगि</td><td>बालविकास सहजकर्ता</td><td>जम्मा</td></tr><tr><td>१</td><td>कर्णाली आवि पिपलसैनी</td><td>१,१४,०००</td><td>१,१४,०००</td><td>२,२८,०००</td></tr></table> | १,१४०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>भृकुटी आवि चिसिल्ले</td><td>१,१४,०००</td><td></td><td>१,१४,०००</td></tr>
<tr><td>३</td><td>लालीगुराँस आवि बुढीआम</td><td>१,१४,०००</td><td></td><td>११४०००</td></tr>
<tr><td>४</td><td>गगन आवि बडीखर्क</td><td>१,१४,०००</td><td>१,१४,०००</td><td>२२८०००</td></tr>
<tr><td>५</td><td>नव विहानी आवि सालघारी</td><td>१,१४,०००</td><td>१,१४,०००</td><td>२२८०००</td></tr>
<tr><td>६</td><td>अरुणोदय आवि मालिका</td><td>१,१४,०००</td><td></td><td>११४०००</td></tr>
<tr><td>७</td><td>मुनाल आवि पूर्वसोल्टा</td><td>१,१४,०००</td><td></td><td>११४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७,९८,०००</td><td>३,४२,०००</td><td>११,४०,०००</td></tr>
</table>
पालिकाले यसरी कार्यविधि विपरित भुक्तानी गर्दा सम्बन्धित शिर्षकमा खर्च गर्ने रकम अपुग भई अन्य कृयाकलापहरुको प्रभावकारीतामा समेत असर पुग्न सक्ने भएकाले कार्यालय सहयोगी र बालविकास सहजकर्ताको लागि भुक्तानी भएको रकम असुलउपर गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.२ | ५६ | २०७८-९-९ | **दिवा खाजा अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ। बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई उनिहरुको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिबाट प्रमाणि गराई पालिकामा पेश गरे पश्चात दिवा खाजा बापतको रकम पुरै भुक्तानी गर्न सक्ने व्यवस्था छ। पालिकाले विद्यालयबाट भरिने शैक्षिक तथ्याङ्क (EMIS) को आधारमा रु. ४९,४९,१०० विद्यालयहरुलाई भुक्तानी गरेको देखिन्छ। यसरी विद्यार्थिको हाजिरि नभिडाई, विद्यार्थी संख्याको सत्यापन नगराई EMIS को आधारमा मात्र भुक्तानी गर्दा विद्यालय छोडेका विद्यार्थीहरुलाई समेत भुक्तानी हुने जोखिम रहन्छ।अतः पालिकाले दिवा खाजा बापतको रकम भुक्तानी गर्दा हाजिरिबाट विद्यार्थी संख्या यकिन गरि उक्त संख्या बराबर मात्र दिवा खाजाको रकम भुक्तानी गर्नु पर्दछ। | |
| १७.३ | | | **शिक्षक दरबन्दी र पदपुर्तिः** शिक्षा नियमावली, २०५९ अनुसूची १२ मा विद्यालयमा रहनु पर्ने शिक्षक संख्या सम्बन्धी व्यवस्था गरेको छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले स्थानीय तहहरुले दरवन्दी मिलान गर्दा पुरा गर्नुपर्ने कार्यविधिका विषयहरु समेटेको छ। पालिकाले दिएको सामुदायिक विद्यालय शिक्षक विवरण अनुसार स्थायी २९, राहात ४८ शिक्षक दरबन्दीहरु रहेकोमा स्थायीमा २९ र राहातमा ४८ शिक्षकहरुको पदपुर्ति भएको छ। त्यस्तै पालिकाले ८२ शिक्षक करार र विद्यालयबाट ८२ जना शिक्षकहरु निजी स्रोतबाट नियुक्ती गरेको देखिन्छ। पालिकाले हालसम्म दरबन्दी मिलान गरेको देखिदैन। दरबन्दि भन्दा बढि शिक्षक, विद्यार्थि संख्या धेरै भएका केहि विद्यालयहरु दरबन्दी नै नरहने, विद्यार्थी संख्याको दरमा शिक्षकहरु सन्तुलन नमिलेको देखिन्छ। यसरी शिक्षक विद्यार्थीको अनुपात नमिल्दा शिक्षण सिकाईमा प्रभावकारीता नदेखिने, विद्यार्थीले विद्यालय छोड्ने दर बढ्ने, करार तथा अनुदानका शिक्षकको संख्या बढ्न गई पालिकालाई थप वित्तीय भार पर्ने जोखिम रहन सक्छ। अतः पालिकाले नियमावली तथा तथा कार्यविधि बमोजिम समयमै दरबन्दी मिलान गरी शिक्षकहरुको सन्तुलित व्यस्थापनद्धारा अध्ययन अध्यापनलाई नियमित गरिनु पर्दछ। | |
| १७.४ | २७६ | २०७९-३-२२ | **सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ क्रियाकलाप नं २.७.१३.४२ मा GPE को सहयोगमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम सम्बन्धित व्यवस्था गरेको छ। यस अन्तर्गत स्थानीय तह तथा विद्यालयहरुले यस आर्थिक वर्षमा विभिन्न १२ वटा उप क्रियाकलापहरु सञ्चालन तथा सम्पन्न गर्नु पर्ने हुन्छ। पालिकाले आफ्ना जिम्मेवारीका उपक्रियाकलापहरु सञ्चालन नगरि मिति २०७९।०३।२२ मा विद्यालयहरुको खातामा जम्मा रु. ५१,००,००० भुक्तानी गरेको देखिन्छ।यसरी आर्थिक वर्षको अन्त्यतिर भुक्तानी भएको रकम उद्देश्य अनुरुप खर्च भयो भनेर यकिन गर्न सकिदैन्। अतः पालिकाले कृयाकलापको उद्देश्य अनुरुप अनुदानको प्रभावकारीता पुष्टि हुने गरि भुक्तानी गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.५ | ५५ | २०७८-९-९ | **इन्टरनेट जडान तथा संचालन अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत ईन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनले प्रति विद्यालय वार्षिक रु १२,००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले सबै विद्यालयहरुलाई अनुदान उपलब्ध गराई जम्मा रु. ६,१२,००० खर्च गरेको भएपनि भौगोलिक विकटताको कारण पालिकाको कार्यलयमै ईन्टरनेट सुविधाजनक नभएको अवस्थामा सबै विद्यालयहरुमा इन्टरनेट सुविधा पुगेको छ भन्ने विषय विश्वसनीय देखिदैन्। अतः पालिकाले इन्टरनेट सुविधा नपुगेका विद्यालयहरु यकिन गरि यस्ता विद्यालयबाट ईन्टरनेट खर्च वापतको रकम असुल गरि संघीय संचित कोषमा दाखिला गर्नु पर्दछ। | |
| १७.६ | | | **विद्यार्थी संख्याको सत्यापनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |
| १७.७ | | | **अनुगमन र प्रतिवेदनः** अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ। सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सशर्त चालु (कृषि तथा पशु)** | |
| १८.१ | | | **पकेट कार्यक्रमः** कृषि/पशुपन्छी/मत्स्य उत्पादन सामाग्रीको व्यवस्था, प्राविधिक सेवा प्रवाह र नवीनतम कृषि प्रविधिको प्रसारबाट कृषि/पशुपन्छी/मत्स्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले स्थानीय तहहरुमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम कार्यान्वयमा छ। प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ ले पकेट कार्यक्रममा दिने अनुदान प्रकृया, अनुगमन तथा प्रतिवेदन सम्बन्धी विविध व्यवस्था गरेको छ। साथै म्यानुअल अनुसार कार्यक्रमको लागि सम्झौता भएको कार्यक्रम लाभग्राहिद्धारा सम्पन्न गरेपछी पालिकाबाट अनुगमन, प्राविधिक मुल्याङ्कान, विलभरपाईको आधारमा अनुदान भुक्तानी गर्नुपर्ने हुन्छ। पालिकाले सुन्तला, कागति, बाख्रा लगायतका पकेट कार्यक्रम सञ्चालनल गरेको छ। म्यानुअल अनुसार लाभग्राहिद्धारा पकेट कार्यक्रम सम्पन्न भएपछी पालिकाबाट अनुगमन गरि प्राविधिक मुल्याङ्कान पछी विलभरपाईको आधारमा अनुदान भुक्तानी गर्नुपर्नेमा पालिकाद्धारा आफै सामाग्रि खरिद गरेको, यस्ता कार्यक्रम सञ्चालन गर्दा कन्टेनजेन्सी रकम कट्टा गरि उक्त रकम पालिकाका कर्मचारीहरुले कार्यक्रमको अनुगमन मुल्यांकन गरे बापतको भत्ता भुक्तानीमा खर्च गरेको जस्ता कृयाकलाप देखिन्छन्। यसरी अनुदानको पुरै रकम सम्बन्धित लाभग्राहिलाई भुक्तानी गर्नु पर्नेमा अन्य प्रयोजनमा पनि खर्च गरेको रकम पकेट कार्यक्रमको उद्देश्य अनुरुप छैन्। अतः पालिकाले यस्ता रकमहरु रोक्दै पकेट कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। | |
| १८.२ | ३२५ | २०७९-३-२५ | **पकेट कार्यक्रम सञ्चालनमा लागत सहभागिताः** प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं ७.१ मा पकेट कार्यक्रम सञ्चालन गर्दा बीउ, बेर्ना, पशु, माछा भुरा लगायतका कृषि उत्पादन सामाग्रि वितरण गर्दा अधिकतम ५०% अनुदान दिन सक्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता अन्तर्गत कमला बाख्रा पालन फर्मबाट मिति २०७९।३।२३ मा ४५१ वटा बाख्राहरु रु. ११,६६५ दरमा खरिद गरी जम्मा रु. ५,२४,९२५ भुक्तानी गरेको देखिन्छ। खरिद गरिएका बाख्राहरु विभिन्न फर्महरुलाई वितरण गरिएको भएपनि कति फर्महरुलाई वितरण गरेको यकिन हुन सकेन।<br>साथै पालिकाले अन्य पकेट कार्यक्रमहरुको पनि अध्ययन गरि कार्यक्रम कार्यान्वयन म्यानुअल तोकेबमोनजिम लागत सहभागिता भए नभएको यकिन गर्नु पर्दछ।<br>अतः पालिकाले वितरण भएका बाख्राहरु के कति फर्महरुलाई वितरण गरेको यकिन गरि नियमबमोजिम लाभग्राहिको ५०% लागत सहभागिता बराबरको रकम असुल उपर गरि संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु. | २६२,४६२ |
| १८.३ | | | **सुन्तलाजात फलफूलको पकेट कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वय म्यानुअलले साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत लाभग्राही छनौट प्रकृया, प्रविधि हस्तान्तरण लगायतका विभिन्न प्रावधानहरु | ३५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेका छन्। यसरी प्रकृया पुरा गरि कार्यक्रमको लागि छनौट भएका लाभग्राहिलाईमात्र अनुदान वितरण गर्नु पर्ने हुन्छ। पालिकाले सुन्तलाजात फलफूलको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम सञ्चालन गर्दा छनौट नै नभएको श्री देउराली कृषक समुहलाई अनुदान हस्तान्तरण गरेको देखिन्छ। यसरी म्यानुअलभन्दा बाहिर रहि भुक्तानी भएको नियमसम्मत नदेखिएको रकम रु. | |
| १८.४ | | | **पशु आहारा मिसन कार्यक्रमः** पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गरी प्रतिफल प्राप्त गर्न सहयोग पुर्याउने उद्देश्यले पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्याविधि,२०७८ कार्यान्वयनमा छ। यस कार्यविधिले मिसन कार्यक्रम अन्तर्गत दूध, मासु, उन, पशु र मत्स्य मिसन कार्यक्रमहरु समावेश गरेको छ। पालिकाले पशु आहारा मिसन कार्यम्रम अन्तर्गत कार्यविधिले निश्चित गरेको विधि र क्षेत्र भन्दा वाहिर रहेर कार्यविधिले समावेश नै नगरेको मिनिरल ब्लक खरिद गरि वितरण गरेको देखिन्छ। यसरि कार्यविधिको पालना नगरि खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु. | ३८०,००० |
| १९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन** | |
| १९.१ | ११८ | २०७८-११-२५ | **पारिश्रमिक रकम भुक्तानी :** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २८ मा श्रमिकको रोजगार बापतको पारिश्रमिक भुक्तानी गर्दा बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले कुइने खानेपानी योजना उपभोक्ता समितिलाई ज्याला भुक्तानी गर्दा भुक्तानी भएको माध्याम यकिन हुन सकिन्दैन। अतः पालिकाले बैंकिङ्ग माध्यामबाट श्रमिकको खातामा भुक्तानी भएको सुनिश्चितताको लागि प्रमाण पेश गर्नु पर्ने रकम रु. | २५९,६५० |
| १९.२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। कार्यालयले धेरै संख्यामा योजना छनौट गरेको र त्यस्ता योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, सरसफाई, बाटो मर्मत कार्य लगायतका ४२ कार्यक्रमहरु सञ्चालन गरी २२६९ जनालाई रोजगारी उपलव्ध गराई रु. २,१३,०८,१४४.२० खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>चालुतर्फ</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>जिन्सी दाखिला : आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरणर मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयलेआर्थिक बर्ष २०७८।७९ मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन। यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पूर्ण बिवरण खुल्ने अवस्था देखिन । अतः पालिका कार्यालयले जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन सहितको मुल्य खुलाई जिन्सी कितावमा आम्दानी जनाउनु पर्दछ ।केही उदाहरण निम्न छनः
<table>
<tr><th>भौ.नं.र मिति</th><th>समानको नाम</th><th>मूल्य</th><th>कैफियत</th></tr>
<tr><td>१७७।०७८।१०।२७</td><td>ल्यापटप समेत खरिद</td><td>३२२१५०</td><td>स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरेको पाइएन ।</td></tr>
<tr><td>१७९।०७८।१०।२७</td><td>ल्यापटप समेत खरिद</td><td>४४९६०२</td><td>स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरेको पाइएन ।</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>प्रतिवेदन खर्चः अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) को परिच्छेद ७.१.१५ को बुँदा नं. १५ बमोजिम प्रतिवेदन तयार गर्दा १ दिन कार्यक्रममा रु. १००० तथा १ दिन भन्दा बढीको भए रु. ५०० थप गरी जम्मा रु. १५०० भुक्तानी दिन सकिने व्यवस्था छ । तर पालिकाका देहाय बमोजिम रु. ५,००० सम्म प्रतिवेदन लेखन बापत एउटा कार्यक्रमको भुक्तानी दिएकोले बढी भुक्तानी रु. ७,५०० असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>बढी भुक्तानी असूल गर्नुपर्ने रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>४१७।०७९।३।२५</td><td>५ दिने महिनावारी स्वच्छता तथा छाउपुडी प्रथा उन्मुलन सम्बन्धी कार्यक्रम</td><td>३५००</td><td>कार्यक्रम खर्च</td></tr>
</table></td><td>७,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>४१८।०७९।३।२५</td><td>रत्ना बोहरा (अपाङ्गता परिचयपत्र छपाई तथा वितरण कार्यक्रम)</td><td>२५००</td><td>कार्यक्रम खर्च</td></tr>
<tr><td>३</td><td>४१९।०७९।३।२५</td><td>शिवराज बि.क.(सहकारी सम्बन्धी क्षमत्ता अभिवृद्धि तालीम)</td><td>१५००</td><td>कार्यक्रम खर्च</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७,५००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.३</td><td></td><td></td><td>वडातर्फबाट विद्यालयलाई अनुदानः विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुनः वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघीय शसर्त अनुदानको रुपमा प्रति विद्यार्थी लागत आधारमा र पालिकाले एकमुष्ट प्रति विद्यार्थी अनुदानको रुपमा विद्यालय व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा पुनः विद्यालय व्यवस्थापनका लागि वडातर्फका कार्यक्रममा वजेट विनियोजन गरि देहाय बमोजिम अनुदान उपलब्ध गराएको छ। यसरी एउटै प्रकारको अनुदानमा फरक फरक कार्यक्रम मार्फत् अनुदान उपलब्ध गराउँदा क्रियकलापमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन् । अतः यस्तो प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२०.४</td><td></td><td></td><td>प्रमाण कागजात बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td colspan="6">गाउँपालिका चालु</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १४३।०७८।१०।२१ | भिम विष्ट | उपभोक्ता समिति तथा पदाधिकारी क्षमता विकास कार्यक्रम | १३९७२१ | कार्यक्रमको लागत अनुमान सहितको सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| २ | १७५।०७८।१०।२६ | | इन्टरनेट बील जडान खर्च | ६९९४७० | कार्यक्रमको लागत अनुमान सहितको सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| ३ | २९३।०७९।२।१७ | रत्ना बोहरा | नारी दिवस कार्यक्रम | २००००० | कार्यक्रमको लागत अनुमान सहितको सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| कृषि चालु | | | | | |
| ४ | १६।०७८।१०।२४ | | इलेक्ट्रिक स्प्रेयर खरिद तथा वितरण कार्यक्रम | ४७३००० | अनुगमन प्रतिवेदन पेश भएको पाइएन। |
| ५ | ३८।०७९।३।२० | दिपक प्रसाद न्यौपाने | माटो परीक्षण तथा विरुवा | ३००००० | कार्यक्रमको लागत अनुमान सहितको सम्पन्न |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>वितरण कार्यक्रम</td><td></td><td>प्रतिवेदन पेश भएको पाइएन ।</td></tr>
<tr><td colspan="6">शिक्षा चालु</td></tr>
<tr><td>६</td><td>११।०७९।१।९</td><td>प्रतिमा गिरी</td><td>दश वर्षे शैक्षिक योजना निर्माण कार्यक्रम</td><td>३००००००</td><td>कार्यक्रमको लागत अनुमान सहितको सम्पन्न प्रतिवेदन पेश भएको पाइएन ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.५</td><td></td><td></td><td>गरिब, विपन्न र असहायलाई स्वास्थ्य बीमा कार्यक्रमः पालिकाले बिभिन्न वडाहरुको अति गरिब, विपन्न असहायलाई स्वास्थ्य बीमा कार्यक्रमको लागि वडाको सिफारिसबाट स्वास्थ्य बीमा कार्यक्रम बापत १ देखि ७ नं. वडासम्मको लागि राजश्व बाडफाँडबाट कार्यपालिकाले निर्णय गरी रु. ८,५७,५०० खर्च गरेको छ।</td><td></td></tr>
<tr><td>२०.६</td><td></td><td></td><td>प्रयोजनविहिन सवारी भाडाः कार्यलयले निम्न खर्चहरुको प्रयोजन, कार्यक्रम,कार्यविधी सहभागिता तथा खर्च पुष्टयाई हुने यथेष्ठ प्रमाण संलग्न नगरी सवारी भाडा खर्च भुक्तानी गरेको छ। यसरी यसरी प्रमाण वेगर भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई प्रयोजनबिहिन खर्च गरिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>खर्च रकम रु.</th></tr>
<tr><td>२७७।०७९।२।११</td><td>६४ दिनसम्मको लागि सवारी भाडा लिई सो को लगबुक नराखेको तथा प्रयोजन समेत खुलाएको देखिएन ।</td><td>२,५०,०००</td></tr>
</table>
</td><td>२५०,०००</td></tr>
<tr><td>२०.७</td><td>२४२</td><td>२०७९-१-७</td><td>बढी निकासाः पालिकाले देहाय बमोजिमका अमिन तथा लगत प्रविष्टिकर्ताहरुको १ दिनको रु. ९५४ को दरले बढी तलब निकासा गरेको रकम निजहरुबाट रु. ४,७७० असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>१ दिनको बढी निकासा रकम रु.</th><th>कैफियत</th></tr>
</table>
</td><td>४,७७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>दिपकराज भण्डारी</td><td>९५४</td><td>अमिन</td></tr>
<tr><td>२</td><td>तेज बहादुर अधिकारी</td><td>९५४</td><td>अमिन</td></tr>
<tr><td>३</td><td>प्रविण तारामी मगर</td><td>९५४</td><td>लगत प्रविष्टिकर्ता</td></tr>
<tr><td>४</td><td>गणेश भण्डारी</td><td>९५४</td><td>लगत प्रविष्टिकर्ता</td></tr>
<tr><td>५</td><td>दिपेन्द्र भण्डारी</td><td>९५४</td><td>लगत प्रविष्टिकर्ता</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४,७७०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.८</td><td></td><td></td><td>वितरण भरपाईः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएकोले भरपाई रु. १,०१,७०० को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१६०।०७८।१०।२४</td><td>ब्लाङ्केट</td><td>१,०१,७००</td><td>५० पीस ब्लाङ्केट वितरण गरेको भरपाई पेश भएको पाइएन ।</td></tr>
</table>
</td><td>१०१,७००</td></tr>
<tr><td>२०.९</td><td></td><td></td><td>इन्धनः पालिकाले यस बर्ष पटके बाहेक नियमित रुपमा इन्धन खर्च बापत रु. ५,०१,९२२ खर्च भुक्तानी गरेको छ । यस्तो खपत हुने इन्धन र सम्पादित कार्यको आधारमा खर्चको एकीन गर्न सकिने अवस्था देखिएन । पालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवेदनका साथै प्रयोग गरेको कार्यालयको अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लेख्ने व्यवस्था गर्नुपर्ने र इन्धन खर्चको कामको आधारमा नर्मस स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मितव्ययीता कायम हुने गरी इन्धन खर्च गर्नु पदर्छ । पालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक स्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्वन गरी खरीद कार्य गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.१०</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्नेः भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ (१) मा पदाधिकारी वा कर्मचारीले काजमा वा भ्रमणमा जाँदा आफूले यात्रा गर्दा खरिद गरेको टिकट र बोर्डिङ्ग पास पेश गरेमा सोधभर्ना पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम टिकट र बोर्डिङ्ग पास बेगर रु. ६,००० भुक्तानी गरेको हुनाले बोर्डिङ्ग पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th><th></th></tr>
<tr><td>१</td><td>२३।०७८।६।२५</td><td>रुपेश कुमार शर्मा बराल</td><td>नेपालगञ्ज देखि काठमाण्डौं (०७८।६।३)</td><td>६०००</td><td>बोर्डिङ्ग पास संलग्न नरहेको।</td><td></td></tr>
</table></td><td>६,०००</td></tr>
<tr><td>२०.११</td><td></td><td></td><td>विविध कोषः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तह विविध कोषमा रु. १०,००,००० मिति २०७९।३।२४ मा जम्मा गरेकोमा सो दाखिला रकमको खर्च सहितको प्रमाण तथा बील भरपाई पेश गर्नुपर्ने अन्यथा उक्त रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>१,०००,०००</td></tr>
<tr><td>२०.१२</td><td></td><td></td><td>पारिश्रमिक करः- आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगारीबाट प्राप्त आयको गणना गर्दा नेपालमा श्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुचि १ बमोजिमको दरले करकट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहाय बमोजिमका कर्मचारी/पदाधिकारीको कम करकट्टी वा कर कट्टि नै नगरी भुक्तानी गरेकोले नपुग पारिश्रमिक कर रु. २३,०८० सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>जम्मा करयोग्य आय</th><th>लाग्ने कर</th><th>तिरेको कर</th><th>नपुग कर</th></tr>
<tr><td>वडा नं. ७ वडाध्यक्ष खर प्रसाद अधिकारी</td><td>५०००००</td><td>३०००</td><td>०</td><td>३०००</td></tr>
<tr><td>महेश कठायत (सब इन्जिनियर)</td><td>५९४६००</td><td>१४९२०</td><td>६२६८</td><td>८६५२</td></tr>
<tr><td>कृष्ण पोखरेल (अ.सब.इन्जिनिर)</td><td>५७३९३०</td><td>१०७८६</td><td>४९००</td><td>५८८६</td></tr>
</table></td><td>२३,०८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>खगेन्द्र रावल (अ.सब.इन्जिनिर)</td><td>६४९१५४</td><td>५५४२</td><td>०</td><td>५५४२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२३,०८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.१३</td><td></td><td></td><td>घरभाडाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्लास्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्लाप्रशासन कार्यालय, जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दररेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बिभिन्न वडाकार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रु. १,७८,००० भुक्तानी गरेको देखियो । घरभाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०.१४</td><td></td><td></td><td>प्रतिलिपिको आधारमा भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम प्रतिलिपिको आधारमा भुक्तानी गरेको रु. १,८९,७९४ को सक्कल बील भरपाई पेश हुनुपर्ने रु.<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१११।०७८।९।१२</td><td>पश्चिम एडभरटाइजिङ्ग सर्भिस</td><td>१,८९,७९४</td><td>प्रतिलिपिको आधारमा भुक्तानी ।</td></tr>
</table></td><td>१८९,७९४</td></tr>
<tr><td>२०.१५</td><td></td><td></td><td>बालविकास सहजकर्ताको निकासाः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ५० जना बालविकास सहजकर्तालाई राजश्व बाँडफाँड शीर्षकबाट विद्यालय व्यवस्थापनको लागि वर्षभरी रु. ४२,३१,५०० तलब भुक्तान गरेको अनियमित देखिएको रु.</td><td>४,२३१,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१६ | | | **नीजि शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकालेस्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाँडफाँड शीर्षकबाट १३ विद्यालयलाई नीजि शिक्षक व्यवस्थापनको लागि एकमुष्ट वर्षभरी रु. ११,२२,००० तलब भुक्तान गरेको अनियमित देखिएको रु. | १,१२२,००० |
| २०.१७ | | | **सवारी भाडाः** सवारी भाडाको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रत्येक वर्ष प्रकाशन गरेको जिल्ला दररेटको आधारमा दरी तय गरी हुनुपर्नेमापालिकाले बिभिन्न कार्यालय प्रयोजन तथा अन्य प्रयोजन भनी सवारी भाडा बापत रु. २१,६०,००० भुक्तानी गरेको देखियो । सवारी भाडा सम्झौता पत्र गर्दा जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिनु पर्दछ। | |
| २०.१८ | | | **महङ्गी भत्ताः** करार कार्यविधि, २०७६ को ७ (ग) अनुसार सेवा करार सम्झौता सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार सम्झौतामा सेवाको शर्त र सुविधाहरु तलब भत्ता सहित स्पष्ट रुपमा उल्लेख गर्नु पर्दछ । यसरी अर्थ मन्त्रालयको १७१९ मिति २०७९।१।२१ को पत्र तथा मिति २०७९।१।१५ को निर्णयले महङ्गी भत्ता दिन नपाइने भनी उल्लेख भएको व्यहोरा अनुसार देहाय बमोजिम महङ्गी भत्ता वर्षभरी रु. १,४४,००० भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. केहि उदाहरणहरुः | १४४,००० |

| क्र.सं. | विवरण | महङ्गी भत्ताको दर | भुक्तानी महिना | जम्मा भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | महेश कठायत (सब इन्जिनियर) | २००० | १२ | २४००० |
| २ | कृष्ण पोखेल (अ.सब.इन्जिनियर) | २००० | १२ | २४००० |
| ३ | रतन बहादुर माझी (फिल्ड सहायक) | २००० | १२ | २४००० |
| ४ | नरेश बहादुर शाही (प्रा.स.) | २००० | १२ | २४००० |
| ५ | रञ्जना बम (उ.वि.स.) | २००० | १२ | २४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६ \| सरोज कुमार चौधरी (ना.प्रा.स.) \| २००० \| १२ \| २४०००<br>जम्मा \| १,४४,००० | |
| २१ | | | **प्रमाण पेश गर्नुपर्नेः**<br><br>गो भौं नं १४।२०७८।१०।२१ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट २ वटा झोलुङ्गे पूलहरुको लागि प्रतिपूल १० जनाको दरले २० जना कामदारहरुको सामुहिक बीमा गरेको भनी रु. ३०,१३०.०० भुक्तानी गरेको देखियो । सो भुक्तानीको विवरणमा कामदारहरुको विस्तृत विवरण संलग्न रहेको पाइएन । तसर्थ प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ३०,१३० |
| २२ | | | **नदीजन्य पदार्थमा रोयल्टीः**<br><br>सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०७८ को दफा ८ मा संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा वाहेक प्राकृतिक श्रोत मध्ये आफ्नो क्षेत्र भित्र ढुङ्गा गिटी वालुवा स्लेट ग्राभेल र रोडाको संकलनमा अनुसूची ६ वमोजिम प्रतिघनफिट रु ३ अर्थात प्रति घनमिटर रु १०५.९४५ का दरले रोयल्टी लगाई असुल गर्ने व्यवस्था गरेको छ । पालिकाले स्थानीय राजस्व परामर्श समितिको सुझावको आधारमा गाउँसभाको निर्णयानुसारको दररेट तोकी ढुङ्गा गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडाको संकलन ठेक्का लगाउँदा आर्थिक ऐनले तोकेको दररेटलाई आधार मान्नु पर्दछ। | |
| २३ | | | **आन्तरिक आय सम्बन्धीः**<br><br>पालिकाले विगतमा विभिन्न ११ वटा नदि तथा खोलाहरुको वातावरणीय प्रभाव मुल्याङ्कन गर्नका लागि यात्रा इन्जिनियरिङ्ग सर्भिसेज प्रा. ली. सँग सम्झैता गरेकोमा सो बमोजिमको प्रतिवेदन प्राप्त गरेको अवस्थामा सो कम्पनीबाट नै प्रतिवेदनलाई पुनरावलोकन गरी ठेक्का लगाउनु पर्नेमा पुनः ग्लोबल डेस्टिनेशनसँग सो कार्यको लागि सम्झौंता तथा कार्यदेश दिएको पाइयो । यसरी एउटा कम्पनीसँग गरीएको सम्झौंता बमोजिमको दायित्व पुरा नगर्दै अर्को कम्पनी सँग सम्झौता गरी कार्य गर्दा पालिकालाई आर्थिक व्ययभार बढी पर्ने हुन्छ । यस्तो प्रकारको कार्यमा नियन्त्रण गरीनु पर्दछ । | |
| २३.१ | | | **ढुङ्गा गिट्टि वालुवाको रोयल्टिको ठेक्का सम्बन्धीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्वको संभाव्यता अध्ययन तथा राजश्वको दायरा फराकिलो बनाउनुपर्ने अवस्था छ । यस पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राजश्व संभाव्यता अध्ययन गरी राजश्वको दायरा फराकिलो बनाउँदै करदामैत्री र समतामुलक कर प्रणालीको माध्यमद्धारा सहभागितामुलक कर प्रशासन कायम गरेको देखिएन । विभिन्न नदी खोलाहरुको ढुङ्गा गिट्टि बालुवाको ठेक्का व्यवस्थापन गरेतापनी सोको आम्दानीलाई नगदी रसिद नियन्त्रण खाताको प्रयोगद्धारा नियन्त्रण र व्यवस्थित गरेको पाइएन । आर्थिक वर्ष २०७८।७९ मा गोरुङ्गे खोला भैसीमार हाल्ने खोला र ठाडो खोलाहरुमा ढुङ्गा गिट्टि वालुवाको उत्खनन र बिक्रि सम्बन्धिको ठेक्का लगाइएकोमा ठेक्काको आम्दानीलाई व्यवस्थित रुपमा आम्दानी बाँधेको पाइएन । बैकको स्टेटमेन्टको आधारमा कार्यालयले आम्दानी भएको देखाएतापनि आम्दानी गोश्वरा भौंचर समेत उठाएको देखिएन । यस प्रकारको कार्यले कुन वडा कार्यालयले कति आम्दानी गर्यो कुन ठेकेदार कम्पनीले कति परिमाणको ढुङ्गा गिट्टि बालुवाको उत्खनन गर्यो भनी भन्न सकिने अवस्था रहेन । पालिकाको आन्तरिक आय व्यवस्थापन कार्यलाई जिम्मेवार बनाई थप पारदर्शी र जवाफदेहिपुर्ण रुपमा सञ्चालन गर्नु पर्दछ । | |
| २३.२ | | | ठे नं MRM/NCB/REVENUE/08/2078/79 भैसीमारहाल्ने खोलाको ढुङ्गा गिट्टि वालुवा सम्बन्धिको आन्तरिक आय सम्बन्धिको कार्यको लागि ठेकेदार श्री बि एण्ड वि बिल्डर्स बर्दगोरिया कैलाली सँग रु. १६,९०,०००.०० मा सम्झौता भएको देखिन्छ । सो ठेकेदारले २०७८।०६।१३ मा रु. ८,४५,०००.०० जम्मा गरी बाँकी रु. ८,४५,०००.०० को NCC Bank को मिति २०७९ असार २५ (June 29, 2022) सम्म कायम रहेको बैक जमानत पेश गरेको देखिन्छ । लेखापरीक्षणको समयसम्म पनि सो ठेकेदारले बैक जमानतको समयावधी थप गरेको तथा बाँकी रकम पालिकामा बुझाएको देखिएन । यसरी ठेक्का व्यवस्थापन कार्यमा लापरवाही गर्ने कर्मचारीहरुलाई थप जिम्मेवार बनाउनु पर्दछ । सो ठेकेदारको बैक जमानत जफत गरी बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गर्ने र सो ठेकेदारलाई कालो सूचीमा राख्नको लागि सिफारिस गर्नु पर्दछ । सम्बन्धित ठेकेदारबाट बाँकी रकमको सयकडा १० प्रतिशतको दरले व्याज समेत गणना गरी रकम एकिन गरी असुल हुनुपर्ने देखिएको रु. | ८४५,००० |
| २४ | | | **तोकिएको नर्म्स भन्दा बढी लागत अनुमान तथा भुक्तानीः**<br><br>पालिकाले यस बर्ष परामर्श सेवामा रु ४९९४७८७।७१ खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः<br>क) संभव भए सम्म कार्यालयको जनशक्तीबाट परामर्शको काम लिनु पर्नेमा सो गरेको देखिएन,<br>ख) परामर्श सेवा बाट प्राप्त प्रतिवेदनलाई जिन्सी खातामा आम्दानी जनाई सम्पत्तीको रुपमा व्यवस्थित गर्नदु पर्नेमा सो गरेको दखिएन,<br>ग) लागत अनुमान वास्तविकतामा भन्दा वजेटको सिमामा राख्ने गरेको देखियो,<br>घ) DPR गरेको Project को निर्माण लागत अनुमान स्पष्ट हुनुपर्नेमा सो भएको पाइएन , | ५०९,६६७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ङ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी स्थानीय तहको लागि माटो परीक्षण, डिजाइन, नक्सा तथा लागत अनुमान कार्यको स्वीकृत TOR तयार गरी च. नं. ८६ प. सं. ०७१।७२ मिति २०७१।१२।०९ को सबै स्थानीय तहलाई गरीएको परिपत्रलाई आधार मानि पालिकाले मोहन्याल गाउँपालिकाको भवन निर्माणको Detail Engineering survey Soil Investigation Design Drawing and Cost estimate and Detailed Project Report कार्यको लागि लागत अनुमान तयार गर्दा तोकिएको नर्म्सको पूर्ण रुपमा पालना गरेको देखिएन । मन्त्रालयले तयार गरेको दररेट अनुसार माटो परिक्षण कार्यको लागि ३ वटा बोरहोलको रु. १,६५,३००.१२ मुल्य अभिबृद्धि कर बाहेक रहेको छ । पालिकाले ४ वटा बोरहोल बनाएर परिक्षण गर्ने गरी लागत अनुमान तयार गरेको छ । दिएको दररेट अनुसार सो ४ वटा बोरहोलको रु. २,२०,४००.१६ हुनुपर्नेमा पालिकाले रु. ३,९१,४३२.०० राखी लागत अनुमान तयार गरेको देखियो । अन्य आइटमहरु सहित लागत अनुमानमा नमिलेको रकमहरु निम्नानुसार रहेका छनः
<table>
<tr><th>लागत अनुमानको आइटम नं</th><th>विवरण</th><th>नर्म्सको दररेटअनुसार हुनुपर्ने</th><th>राखिएको दररेट</th><th>बढी भएको रु</th></tr>
<tr><td>B.1</td><td>Preparation of Inception Report</td><td>५,०००.००</td><td>५०,०००.००</td><td>४५,०००.००</td></tr>
<tr><td>B.2</td><td>Preparation of Final Report</td><td>५,०००.००</td><td>५०,०००.००</td><td>४५,०००.००</td></tr>
<tr><td>B.4</td><td>Hiring Equipment</td><td>२५,०००.००</td><td>१,००,०००.००</td><td>७५,०००.००</td></tr>
<tr><td>B.6</td><td>Communication and Transportation</td><td>२५,०००.००</td><td>१,००,०००.००</td><td>७५,०००.००</td></tr>
<tr><td>B.7</td><td>Other Miscellaneous</td><td>१०,०००.००</td><td>५०,०००.००</td><td>४०,०००.००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>C</td><td>Soil explorations (Bore Holes)</td><td>२,२०,४००.००</td><td>३,९१,४३२.००</td><td>१,७१,०३२.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२,९०,४००.००</td><td>७,४१,४३२.००</td><td>४,५१,०३२.००</td></tr>
</table>
उल्लेखित लागत अनुमानको रकममा मुल्य अभिवृद्धि कर रकम समेत संलग्न गर्दा बढी लागत अनुमान तयार भएको रु. ५,०९,६६७.०० हुन आउँदछ । गो. भौं. नं. ३२।२०७८।१०।२१ नगरपालिका पुँजीगतबाट परामर्श दाता श्री एम. एच. इन्जिनियरिङ्ग कन्सल्टिङ्ग एण्ड कन्ट्रक्सन प्रा. ली. धनगढी कैलालीलाई रु. १५,२०,५००.०० भुक्तानी दिएको देखिन्छ । यसरी तोकिएको नर्म्स भन्दा बढी दररेट राखि लागत अनुमान तयार गर्ने तथा भुक्तानिको लागि सिफारिस गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ। नर्म्स भन्दा बढी भुक्तानी भई पालिकालाई बढी व्ययभार परेको रु.</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>उपभोक्ता समिति वा लाभग्राही समुदायको काम</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>उपभोक्ताको कामः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रु १२,७०,१४,५४३।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि न</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>राजकाडा चोसेडाडा सडक निर्माण उ.स</td><td>बाटो कटीङ्ग</td><td>३०००००००।००</td></tr>
<tr><td>२</td><td>बोटँ खोलादेखिकर्णाली छालहुदै टिउले खोलासम्म तटबन्ध निर्माण उ.स.</td><td>तटबन्ध निर्माण</td><td>२८८०००००।००</td></tr>
<tr><td>३</td><td>चिसाखोला भूकुटी सिचाई उपभोक्ता समिति</td><td>सिचाई</td><td>१७६५२००।००</td></tr>
<tr><td>४</td><td>वडीखर्क नाबली सडक मोहन्याल उपभोक्ता समिति</td><td>बाटो कटीङ्ग</td><td>३३६००००।००</td></tr>
<tr><td>५</td><td>मल्लो पाल्सा वराचौर सडक नि.उ.स</td><td>बाटो कटीङ्ग</td><td>४८००००।००</td></tr>
<tr><td>६</td><td>सोल्टा ताम्चा राक्सा खिमडी सडक ओपनिङ्ग उ.स.</td><td>बाटो कटीङ्ग</td><td>३९१००००।००</td></tr>
<tr><td>७</td><td>बिर्खेत मैतडी सडक नि.उ.स</td><td>बाटो कटीङ्ग</td><td>४८००००।००</td></tr>
<tr><td>८</td><td>डौठेगडा रङ्गेछडा सडक नि.उ.स</td><td>बाटो कटीङ्ग</td><td>४८०००००।००</td></tr>
<tr><td>९</td><td>वडा न ५ भित्रका सडक सरसफाई योजना</td><td>बाटो कटीङ्ग</td><td>९६००००।००</td></tr>
<tr><td>१०</td><td>साफारतर्फ आमवास गाजिने सडक सफाई नि.उ.स</td><td>बाटो कटीङ्ग</td><td>४४४८३१।००</td></tr>
<tr><td>११</td><td>चिसापानी सोल्टा सडक सरसफाई उ.स</td><td>बाटो कटीङ्ग</td><td>४८४००००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>वडा न. ३ भित्रका सडक सरसफाई योजना</td><td>बाटो कटीङ्ग</td><td>७००००००।००</td></tr>
<tr><td>१३</td><td>खग्रेन्द्र वमको घर देखि रज्मा जोडने सडक ट्र्याक ओपनिङ्ग उ.स</td><td>बाटो कटीङ्ग</td><td>१८२४०००।००</td></tr>
<tr><td>१४</td><td>तल्लो चिरकट्टे ओखल ढुगांसडक ट्र्याक ओपनिङ्ग उ.स</td><td>बाटो कटीङ्ग</td><td>९६००००।००</td></tr>
<tr><td>१५</td><td>चिसापानी धुलिकोट पदमार्ग नि.उ.स.</td><td>बाटो निर्माण</td><td>१९२००००।००</td></tr>
<tr><td>१६</td><td>रागामलेखा सामुदायिक स्वास्थ्य ईकाइ नि.उ.स</td><td>भवन निर्माण</td><td>७६९९२०।००</td></tr>
<tr><td>१७</td><td>लम्की आमपानी राजकाडा सडक नि.उ.स</td><td>बाटो कटीङ्ग</td><td>१३२४८००।०</td></tr>
<tr><td>१८</td><td>बढीगाउ खानेपानी निर्माण योजना उ.स</td><td>खानेपानी निर्माण</td><td>१९८७४००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>हाते बिल भरपाईः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयदारा निर्माण भएका काम वास्तविक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो यकिन गरी ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन ।अत कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तविक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्न तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>गुणस्तर परीक्षणः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।
<table>
<tr><td>सि.नं</td><td>निर्माण कामको विवरण</td><td>पार्टीको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>राजकाडा चोसेडाडा सडक निर्माण</td><td>राजकाडा चोसेडाडा सडक निर्माण उ.स</td><td>३०,००,०००।००</td></tr>
<tr><td>२</td><td>रागामलेखा सोलर लिफ्ट खानेपानी योजना</td><td>रागामलेखा सोलर लिफ्ट खानेपानी योजना सपभोक्ता समिति</td><td>२२,५९,७२९।००</td></tr>
<tr><td>३</td><td>त्रिबेणी मा.बि. भवन निर्माण</td><td>त्रिबेणी मा.बि. भवन निर्माण उ.स.</td><td>३६,००,०००</td></tr>
<tr><td>४</td><td>कूईने सोल्टा र फलेबिशुन सडक निर्माण</td><td>प्रतिभा निमार्ण सेवा प्रा. लि.</td><td>५,५२,०००।००</td></tr>
<tr><td>६</td><td>कालिका आ.बि भवन निर्माण</td><td>कालिका आ.बि भवन निर्माण उ.स</td><td>१२४६२९५।००</td></tr>
<tr><td>७</td><td>तालबन्द कटौजे खिमडी सडक निर्माण</td><td>तालबन्द कटौजे खिमडी सडक निर्माण</td><td>१२,४८,०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>जनसहभागिताको अंशदान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १० प्रतिशत रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ । | |
| २५.५ | | | **सार्वजनिक परीक्षणः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| २५.६ | | | **अनुगमन नभएको :**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ । | |
| २५.७ | | | **जनश्रमदान**–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराउँदा ढलानको काममा १५ प्रतिशत र अन्य काममा उपभोक्ता समितिले २० प्रतिशत जनसहभागीता बेहोर्ने उल्लेख भएको देखिन्छ । तर | १३२,८५७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारकोघटी अंशदान भएको असूल गर्नु पर्ने देखिएको रू
<table>
<tr><th>गो.भौ.नं.</th><th>उपभोक्तासमिति र काम</th><th>मुल्याङन रकम</th><th>जनसहभागिता बेहोर्ने रकम</th><th>जनसहभागिता भएको रकम</th><th>घटीअनुपातिक कट्टीरकम</th></tr>
<tr><td>४३।२०७८।११।१८</td><td>बढीगाउ खानेपानी नि.उ.स</td><td>३१०१४९४</td><td>३१०४९४</td><td>१०१८०७</td><td>१३२८५७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.८</td><td></td><td></td><td>जिल्ला दर भन्दा बढी भुक्तानीः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ।यस कार्यालयले सोल्टा ताम्चा राक्सा खिमडी ट्र्याक ओपनिङ्गमा हार्ड रक कटिङ्गमा जिल्ला दर रेट अनुसार प्रति घ.मी. रू १७०० दरले भुक्तानी दिनु पर्नेमा रू १९५४ का दरले भुक्तानी दिएको देखिएकोले प्रति घमि रू २५४ बढी भएकोले २७१ घ.मी को रू ६८८३४।००बढी भुक्तानी भएको देखिएकोले असुल गर्नु पर्ने देखिएको रू</td><td>६८,८३४</td></tr>
<tr><td>२५.९</td><td></td><td></td><td>उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ १३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस गाउँपालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन ।अत यसरी गाउपालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू</td><td>२,९२४,०६४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| योजनाको नाम | गो. भौ.न र मिति | निर्माण ब्यावसायी नाम | निर्माण ब्यावसायीले गरेको काम | भुक्तानी रकम | म.अ. कर |
|---|---|---|---|---|---|
| मल्लो पाल्सा वराचौर सडक नि.उ.स | १३९।२०७९।२।१३ | फाईन होम कन्स्टकशन | बाटो कटीङ्ग | ४८०००० | २६३३६२ |
| वडा स्तरिय बाटो सफाक्ष योजना उ.स | १४६।२०७९।२।१६ | फाईन होम कन्स्टकशन | बाटो कटीङ्ग | ४८०००० | २६३३६२ |
| सोल्टा ताम्चा राक्सा खिमडी सडक ओपनिङ्ग उ.स. | १६६।२०७९।२।३१ | यु. डि.के.विल्ड्रस | बाटो कटीङ्ग | ३०००००० | ३४५१३२ |
| सुगरखालदेखि बर्दिगोजासम्म सडक नि.उ.स | २०६।२०७९।३।२० | मालिका ईटा उधोग | बाटो कटीङ्ग | ३५०००० | ४०२५६ |
| बिर्खेत मैतडी सडक नि.उ.स | २०७।२०७९।३।२० | फाईन होम कन्स्टकशन | बाटो कटीङ्ग | ४८०००० | २६३३६२ |
| डौठेगडा रङ्गेछडा सडक नि.उ.स | २१५।२०७९।३।२१ | फाईन होम कन्स्टकशन | बाटो कटीङ्ग | ४८०००० | २६३३६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा न ५ भित्रका सडक सरसफाई योजना | २२०।२०७९।३।२३ | फाईन होम कन्स्टकशन | बाटो कटीङ्ग | ९६०००० | १२३२७९ |
| फलाटे पाल्सा सडक नि.उ.स | २२२।२०७९।३।२३ | फाईन होम कन्स्टकशन | बाटो कटीङ्ग | ४५०८६१ | ५१८६९ |
| साफारतर्फ आमवास गाजिने सडक सफाई नि.उ.स | २२४।२०७९।३।२३ | घोडघोडी नि.से. | बाटो कटीङ्ग | ५६०६१० | ६४६१० |
| राजकाडा चोसेडाडा नि.उ.स. | ५।२०७८।८।२ | ओम बैजनाथ बिल्डर्स | बाटो कटीङ्ग | १५००००० | १७२५६६ |
| चिसापानी सोल्टा सडक सरसफाई उ.स | ४६।२०७८।११।१९ | शाही निर्माण सेवा | बाटो कटीङ्ग | ४०९०३६ | ४७०५७ |
| चिसापानी सोल्टा सडक सरसफाई उ.स | ४६।२०७८।११।१९ | शाही निर्माण सेवा | बाटो कटीङ्ग | ३६१६०० | ४१६०० |
| वडा न. ३ भित्रका सडक सरसफाई योजना | ५१।२०७८।११।२५ | मालिका निर्माण सेवा | बाटो कटीङ्ग | २१५६०४ | २४८०४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पानीगाउ काप्रामोड सुधार योजना</td><td>११४।२०७९ ।१।८</td><td>ज्ञानेन्द्र कन्स्टकन</td><td>बाटो कटीङ्ग</td><td>३२५४१५</td><td>३७४३७</td></tr>
<tr><td>खनियाताल रञ्मा मोटर बाटो नि.उ.स</td><td>११०।२०७९ ।१।७</td><td>घोडाघोडी नि.से.</td><td>बाटो कटीङ्ग</td><td>३८४०००</td><td>४४१७६</td></tr>
<tr><td>राजकाडा चोसेडाडा सडक नि. उ.स.</td><td>५।०२७८। ८।२</td><td>ओम बैजनाथ विल्ड्स</td><td>बाटो कटीङ्ग</td><td>१५०००००</td><td>१७२५६६</td></tr>
<tr><td>वडीखर्क नाबिल सडक ट्र्याक ओपनिङ्ग उ.स</td><td>७२०७९ ।३।१०</td><td>ज्ञानेन्द्र कन्स्टकन</td><td>बाटो कटीङ्ग</td><td>३३४६३८५</td><td>३८४९८२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२९२४०६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.१०</td><td></td><td></td><td>पर्खालको काममा नम्स भन्दा बढी भुक्तानी : भवन बिभागको प्रकाशित नम्सको सि.न.५को क१(ख)२मा १.४ इटा सिमेन्टको वाल लगाउने कार्यमा दक्ष जनशक्ती १।५जना अदक्ष जनशक्ती २।२ जना लाग्ने उल्लेख गरेको छ । परीक्षणका लागी छनौट भएका मध्ये निम्न निर्माण कार्यको दर बिक्ष्लेषण गर्दा दक्ष जनशक्ती १।५० लाग्नेमा १ राखेको अदक्षय जनशक्ती २।७ लाग्नेमा ३।९९राखेको र समानको लागी श्रमिकको ३ प्रतिशतराख्न पाउने ब्यवस्था भएकोमा बासको ६८० राखेकोले नम्स अनुसार रू २९४० हुन पर्नेमा मोहन्यालको गाउपालिकाको दररेट अनुसार बास समेतको रु ३९१७।०० भएकोले बढी भुक्तानी हुन गएको प्रति घ.मी रु ९७७।००का दरले यकिन गरी असुल गर्नु पर्ने देखिएको रू...</td><td>९९,९०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |

| भौचर न | उपभोक्ता समिति | समानको नाम र परिमाण | नम्स अनुसार हुनु पर्ने | भएको रकम | फरक | जम्मा |
|---|---|---|---|---|---|---|
| १४।२०७८।८।१६ | कालिका आ.बि भवन नि.उ.स | इटाको वाल १७।३३ | २९४० | ३९१७ | ९७७ | १६९३१ |
| १७।२०७८।८।१७ | भूकुटी मा.बि.भवन निर्माण उ.स. | इटाको वाल ३६।७२ घ.मी | २९४० | ३९१७ | ९७७ | ३५८७५ |
| २१३।२०७९।३।२० | भूकुटी मा.बि.भवन निर्माण उ.स. | इटाको वाल २४।५२ घ.मी | २९४० | ३९१७ | ९७७ | २३९५६ |
| २४५।२०८९।३।२५ | अरनिको आ.बि. भवन निर्माण | इटाको वाल २३।७०घ.मी | २९४० | ३३२३ | ९७७ | २३१४५ |
| | जम्मा | | | | | ९९,९०७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५.११</td><td></td><td></td><td>नापी कितावः- निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राखु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२५.१२</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th></tr>
<tr><td>५।०२७८। ८।२</td><td>राजकाडा चोसेडाडा सडक नि. उ.स.</td><td>सडक कटीङ्ग</td><td>३००००००</td><td>जे.सी.बि. प्रयोग</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१६६।२०७९।२।३१</td><td>सोल्टा ताम्चा राक्सा खिमडी सडक ओपनिङ्ग उ.स.</td><td>सडक कटीङ्ग</td><td>३९१००००</td><td>जे.सी.बि. प्रयोग</td></tr>
<tr><td>५१।२०७८।११।२५</td><td>वडा न३ भित्र सडक सरसफाई योजना</td><td>सडक कटीङ्ग</td><td>७०००००</td><td>जे.सी.बि. प्रयोग</td></tr>
<tr><td>७।२०७९।३।१०</td><td>बडीखर्क नावली सडक ट्र्याक ओपनिङ्ग</td><td>सडक कटीङ्ग</td><td>३३६००००</td><td>जे.सी.बि. प्रयोग</td></tr>
<tr><td>१३।२०७९।३।२५</td><td>खग्रेन्द्र बमको घरदेखि रम्जा सडक ट्र्याक ओपनिङ्ग</td><td>सडक कटीङ्ग</td><td>१८२४०००</td><td>जे.सी.बि. प्रयोग</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.१३</td><td></td><td></td><td>ईटामा मु. अ. कर बिजक बेगर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू.२५०८०।०० नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.</td><td>२५,०८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर नं.</th><th>उपभोक्ता समितीको नाम</th><th>कामको बिवरण</th><th>मु.अ. कर भुक्तानी रकम</th><th>बिजक पेश भएको रकम</th><th>बिजक पेश नभएको रकम</th><th>शिर्षक</th></tr>
<tr><td>१७।२०७८।८।१७</td><td>भूकुटी मा.बि.भवन निर्माण उ.स.</td><td>इटा २००५२</td><td>३४४१४</td><td>२५३९३</td><td>९,०२०</td><td>गा.पा</td></tr>
<tr><td>२१३।२०७९३।२०</td><td>भूकुटी मा.बि खिमडी भवन मर्मत</td><td>१२९९५</td><td>२२३००</td><td>६२४०</td><td>१६,०६०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२५,०८०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.१४</td><td></td><td></td><td>काठमा मु. अ. कर बिजक बेगर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. ९३,२६०।००नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.</td><td>९३,२६०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर नं.</td><td>उपभोक्ता समितीको नाम</td><td>कामको बिवरण</td><td>मु.अ. कर भुक्तानी रकम</td><td>बिजक पेश भएको रकम</td><td>बिजक पेश नभएको रकम</td><td>शिर्षक</td></tr>
<tr><td>१४।२०७८।८।१६</td><td>श्री कालिका आ. बि भवन निर्माण उ.स .</td><td>काठको काम १।१२घ.मी</td><td>३०७२१</td><td>०</td><td>३०,७२१</td><td>गा.पा.</td></tr>
<tr><td>१७।२०७८।८।१७</td><td>भृकुटी मा.बि.भवन निर्माण उ.स.</td><td>चौकोष र फर्मा १।०७ र ५६४m2</td><td>६२५२९</td><td>०</td><td>६२,५२९</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९३,२६०।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.१५</td><td></td><td></td><td>सिमेन्टमा मु. अ. कर बिजक बेगर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू ५४५४९।००. नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए</td><td>५४,५४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू. | |

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १६।२०७८।८।१६ | वडा न. ६ कार्यालय भवन नि.उ.स | सिमेन्ट ३४७बोरा | ३८३४४ | ११९९९ | २६,३४५ | गा.पा |
| १७।२०७८।८।१७ | भृकुटी मा.बि.भवन निर्माण उ.स. | सिमेन्ट बोरा ४४४ | ४९०६२ | २८८०६ | २०,२०२ | |
| २१३।२०७९।३।२० | भृकुटी मा.बि खिमडी भवन मर्मत | ४४२ | २४५२२ | १६५१९ | ८,००२ | |
| | जम्मा | | | | ५४,५४९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५.१६</td><td></td><td></td><td>डण्डीमा मु. अ. कर बिजक बेगर भुक्तानीः:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. ४४८१८।०० नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.
<table>
<tr><th>भौचर नं.</th><th>उपभोक्ता समितीको नाम</th><th>कामको बिवरण</th><th>मु.अ. कर भुक्तानी रकम</th><th>बिजक पेश भएको रकम</th><th>बिजक पेश नभएको रकम</th><th>शिर्षक</th></tr>
<tr><td>१६।२०७८।८।१६</td><td>वडा न. ६ कार्यालय भवन नि.उ.स</td><td>डण्डी ५८४७ के.जी</td><td>७२६७८</td><td>३८८०६</td><td>३३,८७१</td><td>गा.पा</td></tr>
<tr><td>२१३।२०७९ ३।२०</td><td>भूकुटी मा.बि खिमडी भवन मर्मत</td><td>डण्डी २९२७ के.जी</td><td>३०८१०</td><td>१६८३७</td><td>१३,४३</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४४,८१८</td><td></td></tr>
</table></td><td>४४,८१४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २६ | | | **सोझै खरिद** | |
| २६.१ | | | **कोटेशनको कार्य:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि २ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १० देखि २० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| २५०।२०७९।३।२५ | अति बिपन्न परिवार जस्तापाता खरिद | ४७९३६९ | ४७७३८८ | ०।१४ |
| २५२।२०७९।३।२५ | होम पाईप खरिद | ३७७२३२ | ३,७२,२२२ | १।३ |
| १४७।२०७९।२।१८ | मेशिनरी ओजार खरिद | १७५१५० | १,७५,१५० | ० |
| १६।२०७९।३।२५ | सुनौलो युवा क्लबको फिल्ड निर्माण | ४८०००० | ४,७८,१६५ | ०।३८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>८२।२०७९।३।२५</td><td>कुईने सोल्टा र फलेबिशुन सडक निर्माण</td><td>५६०६५३</td><td>५,५२,०००</td><td>१।५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>सोझै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १ (ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ। यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक बिभिन्न पार्टीसंग पटक पटक पुजिगत शिर्षकबाट खरिद गरेको नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छनः
<table>
<tr><th>भौचर नं.</th><th>योजनाको नाम</th><th>पार्टीको नाम</th><th>रकम</th></tr>
<tr><td>२४४।२०७९।३।२५</td><td>मेशिनरी ओजार खरिद</td><td>उग्रतारा टरेक्निकल गुड्रससप्लार्स</td><td>५,१४,३६६।००</td></tr>
<tr><td>१३४।२०७९।२।१२</td><td>मेशिनरी ओजार खरिद</td><td>दिपेश ईन्टरप्राईजेज</td><td>१५००००।००</td></tr>
<tr><td>१३६।२०७९।२।१२</td><td>मेशिनरी ओजार खरिद</td><td>दिपेश ईन्टरप्राईजेज</td><td>९९,०००।००</td></tr>
<tr><td>१४०।२०७९।२।१३</td><td>मेशिनरी ओजार खरिद</td><td>मनिषा क्षलेक्टोनिक्स एण्ड सप्लार्स</td><td>२,८३,५००।००</td></tr>
<tr><td>२२।२०७८।१०२७</td><td>मेशिनरी ओजार खरिद</td><td>होम टाउन इन्ट्पारइजेज</td><td>२,००,०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने, त्रैमासिक रुपमा हिसाव मिलान गर्नु पर्ने लगायतका नियम रहेको छ। पालिकाले लगत कट्टाको वितरण यनिक नगरि निकासा गरेको, त्रैमासिक रुपमा हिसाब मिलान नगरेको, बैंकले पालिकामा फिर्ता गरेको मौज्दात रकमसँग हिसाब भिडान गरेको देखिएन। सामाजिक सुरक्षा कार्यक्रममा पालिकाले रु. ७,९४,७६,३८२ खर्चबाट बास्तविक लाभग्राही लाभान्वित भएको सुनिश्चिता तथा निकासा, खर्च र बैंक मौज्दात यकिन गरी बैंक मौज्दातन देखिन आएमा सो रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ। पालिकाले लगत कट्टाको विवरण यकिन गरि बैंकलाई निकास दिने र सोहि अनुरुप बैंकले भुक्तानी दिने व्यवस्था सुनिश्चत गर्दा बैंकमा अनावश्यक मौज्दात नरहने, आर्थिक बर्षको अन्त्यमा हिसाब मिलान गर्न सहज हुने गर्दछ। | |
| २८ | | | **पदाधिकारीतर्फ**<br><br>**पदाधिकारीलाई छुट चाडपर्व खर्चः** सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ अनुसार अनुसूची १ (क) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाइने व्यवस्था छैन् । पालिकाले बिभिन्न ३९ जना पदाधिकारीहरुलाई अघिल्लो आर्थिक वर्ष २०७६ कार्तिक देखि २०७७ आषाढसम्मको छुट सुविधासँगै चाडपर्व खर्च समेत नयाँ ऐन मिति २०७७।३।११ मा प्रमाणिकरण भएपछि मात्र भुक्तानी गरेको छ । जुन ऐन प्रमाणिकरण हुनुभन्दा अगाडी पदाधिकारीहरुलाई चाडपर्व खर्चको सुविधा उल्लेख नभएकोले छुट चाडपर्व भनी यो वर्ष भुक्तानी दिन बाँकीको कच्चावारी तथा कार्यपालिकाको निर्णयको आधार खडा गरी रु. ३,८१,५०० भुक्तानी गरेको छ । यसरी ऐनमा भएको व्यवस्था विपरित पालिकाले ३९ जनालाई भुक्तानी दिएको छुट चाडपर्व खर्च नियमसम्मत देखिएन । | |
| २९ | | | **कर्मचारीतर्फ** | |
| २९.१ | | | **तलबी प्रतिवेदन पारीत नभएकोः-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ २२ कर्मचारीको रु. १,००,१२,६५२ र पालिकाका १४ कर्मचारीको रु. ५४,६८,०४७ समेत गरी जम्मा रु. १,५४,८०,६९९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.२ | | | **करार कर्मचारी खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानून बमोजिम मात्र भर्ना गर्नुपर्नेमापालिकाले बिभिन्नपदमा ८७ जना कर्मचारीहरु करारमा राखी रु. १,७१,००,००० खर्च लेखेको छ । यसरी करारमा कर्मचारी राख्दै जानु उचित देखिएन। | |
| २९.३ | | | **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको प्रमुख प्रशासकीय अधिकृत सहित ७४ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ८१ जना पदपूर्ती भएको देखिन्छ। प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सातौं लेखा, अधिकृत सातौं स्वास्थ्य, अधिकृत सातौं प्राविधिक, अधिकृत छैठौं प्रशासन र सहायक चौथो प्रशासन जस्ता पदहरु रिक्त रहेका छन् । पदपूर्तिमध्ये अधिकृत प्राविधिक छैठौं, हे.अ., अ.न.मी., सहायक चौथो प्राविधिक तथा श्रेणिविहिन गरी ५९ जना करारका कर्मचारी राखी पदपूर्ति गरिएको छ । स्वीकृत दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| २९.४ | | | **दरबन्दी भन्दा बढी कर्मचारीः** पालिकाले स्थायी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी बमोजिमका कर्मचारीलाई मात्र तलब भत्ता भुक्तानी गर्नु पर्दछ । पालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था तथा कार्यालयतर्फका बिभिन्न ३७ जना अधिकृत छैठौं प्राविधिक, अ.न.मी.चौथो, सहायक चौथो तथा श्रेणिविहिन कर्मचारी दरबन्दी भन्दा बढी पदपूर्ति गरी बार्षिक रु. १,२३,२१,४८० थप व्यायभार परेको छ । अतः स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी सरुवा गर्ने तथा दरबन्दी बाहिरको कर्मचारीलाई हाजिर गराई कामकाज गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

| क्र.सं. | पद | दरबन्दी भन्दा बढी संख्या | व्यय भार रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्रेणिविहिन | २३ | ६८५२५२० | |
| २ | अ.न.मी.चौथो | ८ | ३०५५४४० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>प्राविधिक अधिकृत छैठौं</td><td>१</td><td>५०३८७०</td><td></td></tr>
<tr><td>४</td><td>प्राविधिक सहायक चौथो</td><td>५</td><td>१९०९६५०</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,२३,२१,४८०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२९.५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ ।<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>७</td><td>७</td><td>१</td><td>६ (दोहोरो जिम्मेवारीमा कार्यरत)</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>घटी कार्यसम्पादन जमानतः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ४ बमोजिम सार्वनिक खरिद कार्यको लागि छनौंट भएको बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गरी सम्झौंता गर्नु पर्ने तथा यसरी जमानत पेश गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबोल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा बढी जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्ने व्यवस्था छ ।</td><td>४२,२९१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठेक्का नं. MRN/NCB/W/11-2076/77 Raji Rekcha Lift Irrigation Project कार्यको लागि स्विकृत लागत अनुमान रकम रु. २,३५,८२,६६४.३६ मा निर्माण व्यवसायी श्री अल्ट्रा सोलार इनर्जि एण्ड स्टिल इन्जिसनियरिङ्गले कबोल गरेको अंक रु. १,७९,२९,६४८.५० बमोजिम कार्यसम्पादन जमानत रकम रु. १९,५४,२९०.५२ हुनुपर्नेमा रकम रु. १,९१,२००.०० संलग्न राखि सम्झौंता गरेको पाइयो । यसरी कानुनमा उल्लेख भएको व्यवस्थ भन्दा रु. ४२,२९१.०० घटी रकमको बैक जमानत रकम स्विकार गरी सम्झौंता गर्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाई सम्बन्धित निर्माण व्यवसायीलाई थप बैक जमानत पेश गर्न लगाउने वा निजबाट असुल गरी धरौंटी खातामा जम्मा गर्नुपर्ने रकम रु. | |
| ३१ | | | **विविधतर्फ** | |
| ३१.१ | | | **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदानः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ । | |
| ३१.२ | | | **सडक गुरु योजना र अभिलेखः** पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरुयोजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ । | |
| ३२ | | | **कृषितर्फ** | |
| ३२.१ | ३८२ | २०७९-३-२२ | **गाउँपालिका कृषि कार्यक्रमतर्फः** कृषि कार्यक्रम वडा नं. ६ मा निःशुल्क बाखा वितरणको लागि गौरीगंगा कृषि फर्मसँग सम्झौता पत्रको आधारमा २७ वटा उन्नत जातको बाखा वितरण गरेको भरपाई पेश भई पालिकाले रु. २,९४,९७५ अनुदान दिएको उक्त कार्यक्रमको बाखाको गुणस्तर, वितरण गर्दा लाभग्राही छनौटको आधार, बाखा वितरण गर्दा बाखामा लागेको ट्याग, वास्तविक लाभग्राही पाए नपाएको सम्बन्धित वडाको सिफारिस समेत नभएको अवस्थामा उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | ३९ | २०७९-३-२४ | **कृषि चालुतर्फः** कृषि कार्यक्रम (१०० प्रतिशत निःशुल्क)को लागि कृषक तथा कृषक समूहलाई तरकारीको बिउ खरिद गरी प्रत्येक वडामा वितरण गर्ने प्रयोजनार्थ पालिकाले रु. ४,४८,००० अनुदान भुक्तानी दिने सम्झौता पत्र अनुसार तरकारीको प्याकेट ७८५ वटाको वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |
| ३३ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछ्यौंट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने **रु.** | २०,२२८,६०० |

| सि नं | पेश्की लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु. |
|---|---|---|---|---|
| **म्याद नाघेको पेश्की** | | | | |
| 1 | प्रविण कुमार भण्डारी | सहायक | लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम | २५५००० |
| 2 | प्रविण कुमार भण्डारी | सहायक | स्थलगत घुम्ती शिविर | ३४५००० |
| 3 | प्रविण कुमार भण्डारी | सहायक | स्थलगत व्यवसायी बाख्रापालन कार्यक्रम | ९५००० |
| 4 | रत्ना वोहरा | सहायक महिला विकास निरीक्षक | महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ती ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक का तथ्याङ्क संकलन र अद्यावधिक गर्ने | १००००० |
| 5 | अनिलबहादुर सिंह | अहेव | खेलकुद सामाग्री खरिद योजना | १००००० |
| 6 | अनिलबहादुर सिंह | अहेव | ओखडेकोट पञ्चेवाजा खरिद योजना | १००००० |
| 7 | अनिलबहादुर सिंह | अहेव | पानीखोला/कुईने पञ्चेबाजा खरिद योजना | १००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| 8 | अनिलबहादुर सिंह | अहेव | दलित उत्थान कार्यक्रम | १००००० |
| 9 | अनिलबहादुर सिंह | अहेव | बढीगाँउ पञ्चेबाजा खरिद योजना | १००००० |
| 10 | अनिलबहादुर सिंह | अहेव | पालिका स्तरमा खोप र सरसफाई प्रवर्द्धन समिक्षा, सुक्ष्मयोजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था, वडा स्तरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप | १६३००० |
| 11 | प्रमिण कुमार भण्डारी | सहायक | आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्य्रम निरन्तरता | ६०००० |
| 12 | कविराज धामी | सहायक पाचौं | जिपिई को सहयोगमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | १७५००० |
| 13 | महेन्द्र शाही | हेल्थ असिस्टेन्ट | वडा स्तरीय खेलकुद कार्यक्रम | १००००० |
| 14 | भिम विष्ट | कम्प्युटर अधिकृत | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | १४०००० |
| 15 | भिम विष्ट | कम्प्युटर अधिकृत | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | ३४४५०० |
| 16 | अरनिको राआवि मोहन्याल ७ कुइने | प्रअ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ६७२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 17 | मोहन्याल माध्यमिक विद्यालय मोहन्या-१ वडिकाथाई कैलाली | | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ११०००००० |
| 18 | मोहन्याल माध्यमिक विद्यालय मोहन्या-१ वडिकाथाई कैलाली | | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ७९९००० |
| 19 | मोहन्याल माध्यमिक विद्यालय मोहन्या-१ वडिकाथाई कैलाली | | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | १५५७००० |
| 20 | मोहन्याल आधारभुत विद्यालय खलुबलु-४ | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान | १८०००००० |
| 21 | राष्ट्रिय मोहन्याल आधारभुत विद्यालय मोहन्याल ५ कटौंजे | | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ३४५६००० |
| 22 | मष्टावण्डाली आधारभुत विद्यालय | | मष्टावण्डाली आवि खानेपानी टंकी मर्मत योजना | ४८००० |
| 23 | मष्टावण्डाली आधारभुत विद्यालय | | मष्टावण्डाली आवि गेट निर्माण योजना | ९६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | |
| --- | --- | --- | --- | --- |
| 24 | अजिङ्गरे खोला झुलुङ्गे पुल निर्माण उपभोक्ता समिति | | अजिङ्गरे आमरुख झोपु मोहन्याल गाँउपालिका | ६९९००० |
| 25 | वडा कार्यालय देखि कटौजे मोटर बाटो निर्माण योजना उपभोक्ता समिति | | वडा कार्यालय देखि कटौजे मोटर बाटो निर्माण योजना | ३३५००० |
| 26 | दिपेन्द्र बुढा क्षेत्री | | विविध खर्च | ७००००० |
| 27 | दिपेन्द्र बुढा क्षेत्री | | पोषण कार्यक्रम | ४९९००० |
| 28 | दिपेन्द्र बुढा क्षेत्री | | राष्ट्रिय महिला स्वयंसेविकाहरुको यातायात खर्च | ५००००० |
| 29 | दिपेन्द्र बुढा क्षेत्री | | स्वास्थ सम्बन्धी शिविर सञ्चालन | ४००००० |
| 30 | कल्पना कुमारी राना | | मातृ तथा नवशिशु कार्यक्रम | १०००००० |
| 31 | दिपेन्द्र बुढा क्षेत्री | | मसलन्द तथा कार्यालय सामाग्री | ४९०००० |
| 32 | कल्पना कुमारी राना | | मातृ तथा नवशिशु कार्यक्रम | ५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>33</td><td>दिल कुमारी थारु</td><td></td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>१६००००</td></tr>
<tr><td>34</td><td>दिपेन्द्र बुढा क्षेत्री</td><td></td><td>बिमा तथा नवीकरण खर्च</td><td>३९२०००</td></tr>
<tr><td>35</td><td>आरती दियाली</td><td></td><td>सिविआइएमएनसिआई अनसाइट कोचिङ्ग र समता तथा पहुँच कार्यक्रम</td><td>११८१००</td></tr>
<tr><td>36</td><td>सोनिया रावल</td><td></td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>37</td><td>दिपेन्द्र बुढा क्षेत्री</td><td></td><td>सभा सञ्चालन खर्च</td><td>१८००००</td></tr>
<tr><td>38</td><td>दिल कुमारी थारु</td><td></td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>८५०००</td></tr>
<tr><td>39</td><td>प्रभु बराल</td><td></td><td>दलित समुदाय सिपमुलक सामाग्री खरिद कार्यक्रम</td><td>४५०००</td></tr>
<tr><td>40</td><td>प्रभु बराल</td><td></td><td>मगर पोषाक तथा बाजा खरिद कार्यक्रम</td><td>९५०००</td></tr>
<tr><td>41</td><td>प्रभु बराल</td><td></td><td>द्धन्द पिडित तथा जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण कार्यक्रम</td><td>१९५००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 42 | प्रभु बराल | | सुत्केरी आमा पोषण कार्यक्रम | ४५००० |
| 43 | कृष्ण जैशी | | इन्धन | ३०००० |
| 44 | सरोज कुमार चौधरी | | अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोगी सामाग्रि खरिद कार्यक्रम | ३००००० |
| 45 | सरोज कुमार चौधरी | | अपाङ्गता, एकल महिला, जेष्ठ नागरिक सम्मान कार्यक्रम | ३००००० |
| जम्मा | | | | २,०२,२८,६०० |
| **म्याद ननाघेको पेश्की** | | | | |
| 46 | जी. यू. पि. प्रालि | | लिफ्ट सिंचाई आयोजना | २०४०७१६ |
| 47 | जी. यू. पि. प्रालि | | लिफ्ट सिंचाई आयोजना | ५७१८१४ |
| 48 | जय मालिका निर्माण सेवा, बर्दगोरिया कैलाली | | मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलयको प्रशासनिक भवन निर्माण योजना | ५८५००० |
| 49 | जय मालिका निर्माण सेवा, बर्दगोरिया कैलाली | | रुनिकोट बजार देखि मगरटोल हुदै पनेरी पसलसम्म सडक पिज (कालोपत्रे) मोहन्याल गाउँपालिका | २००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>50</td><td>जय मालिका निर्माण सेवा, बर्दगोरिया कैलाली</td><td></td><td>मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलयको प्रशासनिक भवन निर्माण योजना</td><td>५८५०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३९,८२,५३०</td></tr>
<tr><td colspan="4">कूल जम्मा</td><td>२,४२,११,१३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रमको आन्तरिक लेखा परीक्षण<br><br>१. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार, काठमाडौंको च नं. ५७५मिति २०७८/०६/११ गतेको पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १२ बमोजिम चालु आ.व. २०७८/७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकाले सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नुपर्ने हुँदा प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता असोज मसान्त भित्रै वितरण गर्नुपर्ने भनि लेखि आएकोमा कार्यालयबाट सो कार्यान्वयन गरेको देखिएन।<br>२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ नं २६ को (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरि सो को कारवाही गरेको पाईएन।<br>३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३४ मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने, सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तह आफूले गर्न सक्ने कुरा सम्बोधन गरि सम्बोधन गर्न नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ। तर कार्यकालले उक्त कार्यविधिमा भएको व्यवस्था कार्यान्वय गरेको देखिएन।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>मु अ कर छुट बस्तुमा मु अ कर भुक्तानिः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठे. नं. MRN/NCB/W/11-2076/77 Raji Rekcha Lift Irrigation Project कार्यको लागि अल्ट्रा सोलार इनर्जि एण्ड स्टिल इन्जिसनियरिङ्गलाई सोलार पाता र कन्ट्रोलरमा समेत मु. अ. कर भुक्तानी दिएको पाइयो । यसरी मु. अ. कर छुट भएको बस्तुमा भएको मु. अ. कर भुक्तानी रकम एकिन गरी असुल उपर गर्नु पर्दछ । यसरी प्राप्त भएका सोलार प्रणालीको वारेन्टी कार्ड समेत संलग्न राख्नु पर्दछ । | |
| ३६ | | | **म्याद गुज्रिएको अग्रिम बैंक जमानतः**<br><br>ठे नं MRN/NCB/W/01-2078/79 Construction of Pre-Febricated Office Buildding कार्यको लागि निर्माण व्यवसायी श्री जय मालिका निर्माण सेवा बर्दगोरिया कैलालीलाई रु ११,७०,०००.०० को मोविलाईजेसन पेश्की दिइएकोमा सोको लागि पेश गरेको ग्लोबल आइएमई बैकको रकम रु. ११,७०,०००.०० को मान्य अवधि मिति २०७९।०९।३० सम्ममात्र रहेको छ। तर सो कार्यको पेश्कि फछ्यौंट भएको देखिएन । तसर्थ सो वैक जमानतको समयावधी थप गरी पेश गर्नुपर्ने अन्यथा बैक जमानत जफत गर्नुपर्ने देखिन्छ । | |
| ३७ | | | **लघु उद्यम विकास कार्यक्रमः**<br><br>लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन तथा सञ्चालन गर्नका लागि नेपाल सरकारले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ लागु गरेको छ। निर्देशिकाको अनुसूची-३ मा यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृयाकलापहरुको लागि बजेटको बाँडफाँड गरिएको छ। अनुसूचीले गरेको बेक्रडाउन भन्दा बाहिर रहि पालिकाका पदाधिकारी तथा कर्मचारीहरुले बैठक भत्ता बापतको रकम बुझिलिएको देखिन्छ। यसरी निर्देशिकाले तोकेको शिर्षक भन्दा बाहिर रहि खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु. | ४२,००० |